जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

विवाह पवित्र बन्धन हो,
विवाहलाई लेनदेनको विषय नबनाऔं,
विवाहमा दाईजो लिने र दिने काम नगरौं,
दाईजोको कारण हुने हिंसा अन्त्य गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २६ •अंक १७७ • २०८१ साल मंसिर ०८ गते शनिबार (23 November, Saturday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## सांसद सापकोटालाई हटाउन मरिहत्ते गरेका अध्यक्ष राउत असफल

टुडे समाचारदाता

जनकपुरधाम । जनमत पार्टीका डा. चन्द्रकान्त राउतले आफ्नै सांसद गोमा लाभ सापकोटालाई हटाउने चौथो पटक असफल भएका छन् । सांसद सापकोटालाई हटाउन आठ महिनासम्म गरेको प्रयास असफल भएपछि अध्यक्ष राउत सोमबार आफैं चौथो पत्र लिएर सभामुख देवराज घिमिरे कहाँ पुगेका थिए ।

कानुन व्यावसायीहरु समेत लिएर सिंहदरबार पुगेका उनले पार्टीले सांसद सापकोटालाई कारबाही गरेकाले सूचना टाँस हुनुपर्ने दाबी गरेका थिए । साथै यसअघि नै नहटाएको विषयमा गम्भीर आरोप समेत लगाएपछि सभामुख घिमिरे र जनमतका अध्यक्ष राउतबीच नोकझोक पनि भएको थियो ।

सभामुख देवराज घिमिरेले जनमतकी समानुपातिक सांसद गोमा लाभ (सापकोटा)लाई पदबाट हटाउन चौथोपटक पनि इन्कार नै गरे ।

जनमतले पेश गरेका 'डकुमेन्ट विश्वसनीय नभएको' भन्दै सभामुख घिमिरेले





सांसद सापकोटालाई नहटाउने निर्णय गरेका छन् ।

जनमतले अनुशासन विपरीतको काम गरेको भन्दै सांसद सापकोटालाई कारबाहीको निर्णय गरेको थियो ।

सभामुख घिमिरेले शुक्रबार कम्बोडिया जानुअघि सांसद सापकोटालाई कारबाही नगर्ने निर्णय गरेका छन् । सभामुख घिमिरेका प्रेस विज्ञ शेखर अधिकारीले भने, 'जनमत पार्टीले जुन डकुमेन्ट पेस गरेको छ, त्यो नमिलेकाले सूचना टाँस गर्नु परेन ।'

सांसद सापकोटालाई पदबाट हटाइएको सूचना सभामुखले टाँस गर्नुपर्ने मागसहित जनमतले पहिलो पटक २७ फागुन २०८०, दोस्रोपटक १ चैत २०८०, तेस्रोपटक २७ भदौं २०८१ र चौथोपटक यही कार्तिक २७ गते संसद सचिवालयमा निवेदन दिएको थियो । सांसद सापकोटाले भने आफूले गलत गरेको प्रमाणित गरेर देखाउन अध्यक्ष राउतलाई चुनौती नै दिइन् ।

जनमतले सभामुख घिमिरेको भूमिका निष्पक्ष नदेखिएको आरोप लगाएको छ ।

सभामुख घिमिरेले सांसद सापकोटालाई नहटाउने निर्णय गरेपछि असन्तुष्टि जनाउँदै जनमतका प्रवक्ता शरद सिंह यादवले आरोप लगाए ।

प्रवक्ता यादवले प्रक्रिया पूरा नभएको जवाफ आएपछि पार्टीले सबै प्रक्रिया पूरा गरी चौथो पटक पत्र लेखेको बताए ।

प्रवक्ता यादवले भने, 'यसपटक सबै प्रक्रिया पुऱ्याएर बहुमत सदस्यले पार्टीबाट गोमालाभलाई हटाएका हौं । त्यसलाई पनि सभामुखले लत्याउनु भयो ।'

### दशकौंदेखि मुआब्जाको आश
## शुरु भयो कोशी पीडितको समस्या समाधान प्रक्रिया

मनोज माझी

राजविराज । मुआब्जाको आशमा विगत सात दशकदेखि संघर्षरत्त कोशी पीडितहरुको समस्या समाधानका लागि सरकारले चासो देखाएको छ ।

भारत सरकारले कोशी सम्झौता गर्दा भएको सहमति अनुसार मुआब्जा र क्षतिपूर्ति पाउनु पर्ने माग गर्दै कोशी पीडितहरु बेला बेलामा आन्दोलन गर्दै आइरहेका बेला सरकारले समस्या समाधानका लागि चासो देखाएको छ ।

यस क्रममा सरकारको निर्देशन अनुसार सम्पर्क सहायक भू-आर्जन कार्यालय कोशी योजना विराटनगरले भारत बिहार राज्यस्थित भू-आर्जन कार्यालय, जलसंशाधन विभाग पटनालाई पत्राचार गरेको छ ।

कार्यालयका भू-आर्जन अधिकृत चैतन्य प्रसाद सिटौलाद्वारा गरिएको पत्राचारमा नेपाल सरकारको उर्जा तथा सिंचाई मन्त्रालयको निर्देशनानुसार कोशी कटानमा परेको भुमिको प्रमाणिकरणमा छुट भएका जग्गाको दुबै देशका संयुक्त प्राविधिक टोली (ज्वाइन्ट भेरिफिकेशन) बाट गर्नु पर्ने भएकाले यथाशीघ्र त्यस देशका प्राविधिक टोली पठाउन अनुरोध गरिएको छ ।

भू-आर्जन अधिकृत सिटौलाले कोशी कटानमा छुट भएका जग्गा प्रमाणीकरणका लागि कोशी नदी कटान डुबान पीडित संघर्ष समिति (सुनसरी, उदयपुर र सप्तरी) को तर्फबाट मन्त्रालयमा परेको निवेदनको आधारमा दुवै देशद्वारा ज्वाइन्ट भेरिफिकेशन गर्नुपर्ने सहमति



बनेकाले यस्तो पत्राचार गरिएको बताए । उनले मन्त्रालयबाट आफुलाई प्राप्त भएको पत्रका आधारमा कोशी नदी पीडितहरुको मुआब्जा लिन छुट भएकाहरुको दुवै देशका प्राविधिकबाट प्रमाणीकरण गर्नुपर्ने व्यवस्था अनुसार भारत सरकार बिहार राज्यस्थित जलसंशाधन विभागमा पत्र पठाइएको र त्यहाँबाट नाप, जाँच तथा बरबुझारथ गर्ने सर्वेक्षक टोली समेत आए लगत्तै बाँकी प्रक्रिया बधि बढ्ने बताएका छन् ।

कोशी सम्झौता हुँदा भारतीय पक्षले डुबान क्षेत्रको मुआब्जा दिने भने पनि नदिएको तथा नेपाल सरकारले पनि सम्झौता कार्यान्वयनका लागि भारत सरकारसंग ठोस पहल नगरेको कोशी पीडितहरुले गुनासो गरिरहेका बेला नेपाल सरकारबाट यस्तो पहल हुनु खुशीको कुरा भएको कोशी कटान डुबान पीडित संघर्ष समिति ( सुनसरी, उदयपुर र सप्तरी) का संयोजक महिदेवप्रसाद चौधरीले बताए ।

उनले परराष्ट्र मन्त्रालयमार्फत नेपाल सरकारले भारतीय सरकारलाई पठाइएको पत्रको बोधार्थ आफूलाई समेत दिएको भन्दै अब प्रमाणीकरण कार्य यथाशक्य छिटोभन्दा छिटो शरु गर्नुपर्ने बताए ।

वि.स.२०११ सालमा नेपाल-भारतबीच भएको कोशी सम्झौता अनुसार कोशी योजनाअन्तर्गत परेको जग्गाको मुआब्जा तथा क्षति भएको बाली नालीको समेत क्षतिपूर्ति भारत सरकारले दिनु पर्ने उल्लेख छ ।

२०७१ साउनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आएका बेला दुई देशका प्रधानमन्त्री बीच कोशी पीडितको समस्या समाधान गर्ने सहमति भए पनि हालसम्म कार्यान्वयनमा आउन सकेको थिएन । तर पछिल्लो गतिविधि र पत्राचारले दुवै देश आफूहरुको समस्या समाधान गर्न चाहेको देखिएको कोशी पीडितहरु बताउँछन् ।






# सामुदायिक कार्य योजनाबारे अन्तर्क्रिया

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिपुर्वा नगरपालिका वडा नम्बर ३ र वडा नम्बर ८ मा रहेका विभिन्न स्वास्थ्य आमा समूह तथा बाल क्लबहरुको लागि समुदायमा विद्यमान भेदभावपूर्ण सामाजिक र लैंगिक मुल्यमान्यताहरुको बारेमा चेतना बढाउनको लागि गरिने लैंगिक रुपान्तरणकारी सम्बादको प्रवर्द्धन गरी सहभागी र बहिष्करणमा




"हाम्रो सहकार्य" परियोजना अन्तर्गत सामुदायिक कार्य योजनाबारे अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

हरिपुर्वा नगरपालिका वडा नम्बर ३ मा महादेव र सुन्दर स्वयं सहायता महिला समूह तथा वडा नम्बर ८ मा लक्ष्मी स्वयं सहायता महिला समूहको आयोजनामा दलित महिला केन्द्र, नेपाल दलित सेवा समाज र सामाजिक विकास केन्द्र नेपालको संयुक्त सहकार्यमा युएन वुमन र फिनल्यान्ड सरकारको आर्थिक सहयोगमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

मंसिर ५ गते बुधबार र ६ गते बिहीबार दुई दिनसम्म संचालन भएको उक्त अन्तरक्रिया कार्यक्रममा सहभागीहरुलाई पारिएका समूहहरुले सामुहिक कार्य र सामुदायिक संलग्नता मार्फत आफ्नो अधिकार माग्ने क्षमतालाई अझै बलियो बनाउन, महिला द्वारा महिला माथि हुने विभिन्न खाले विभेद तथा हिंसाहरुलाई निरुत्साहित गर्न, बालविवाहका हानिकारक असरबारे जानकारी गराउन र परियोजनाको लक्ष्य अनुरुप समुदायमा रहेका लैंगिक मुल्यमन्यता, अलिखित तथा हानिकारक रितिरिवाजलाई आफै बाट परिवर्तन गर्न सहभागीहरुलाई सिकाइ ,समीक्षा र कार्य मार्फत अगाडी वढाउने उदेश्यले अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको नेपाल दलित सेवा समाजका संजय मण्डलले जानकारी दिए ।

# नीतिगत संवाद कार्यक्रम सम्पन्न

**टुडे समाचारदाता**

मलंगवा । स्पष्ट अन्तर्राष्ट्रियको समर्थन तथा पहिचान नेपालको समन्वयमा ब्लु डायमण्ड सोसाइटी नेपालद्वारा सर्लाहीको सदरमुकाम मलंगवामा एलजीबिटीक्यू व्यक्तिहरुका लागि प्रदेश सरकारसंग नीतिगत संवाद गरिएको छ ।

मलंगवामा शुक्रबार भएको कार्यक्रममा नेपालमा समयौनिक महिला, समयौनिक पुरुष, दियौनिक व्यक्ति, पारलैङ्गिक व्यक्ति, अन्तरलिङ्गी व्यक्ति, क्वयेर व्यक्तिहरु विरुद्ध हुने भेदभाव र हिंसाको सम्बोधन गर्नका लागि सरोकारवाला निकायहरुसंग नीतिगत संवाद गरी व्यक्तिहरुको समस्या र आइपर्ने चुनौतीहरु बारे चर्चा गरिएको छ।

कार्यक्रममा ब्लु डायमण्ड सोसाइटी नेपालका कार्यक्रम व्यवस्थापक भुमिका श्रेष्ठले विगतका केही वर्षदेखि यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको अधिकारको क्षेत्र र कानुनी सुधारका पक्षमा उल्लेखनीय उपलब्धिहरु भएपनि ेन्द्यत्क्ष्त + व्यक्तिहरुले भोग्नुपर्ने लालच्छना, विभेद र हिसां नेपालमा अझै पनि ब्याप्त रहेको कुरा प्रस्तुतिकरण मार्फत जानकारी गराएका थिए । उनले समलैंगिक व्यक्तिहरु राज्यका प्राय जसो सबै निकायहरुमा काम गराउन जाँदा भोग्नु पर्ने पिडा र चुनौती बारे बताएका थिए।



यौनिक तथा लैंगिक अल्पसंख्यकको अधिकारका लागि सक्रिय अभियानकर्मी एवं ब्लु डायमण्ड सोसाइटी सर्लाहीका जिल्ला संयोजक नगमा खानले ब्लु डायमण्ड सोसाइटीले(निल हिरा समाज) विगत २ दशकदेखि यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायहरुको यौन स्वास्थ्य, शिक्षा, मानव अधिकार तथा वकालतको क्षेत्रमा काम गर्दै आएको बताए। उनले समुदायले हरेक क्षेत्रमा आफ्नो लैंगिक पहिचान र यौन विशेषताको कारणले विभेद, लालच्छना तथा हिंसा भोग्दै आइरहनु परेको बताए।नेपालको संविधान २०७२ ले यौनिक तथा लैंगिक अल्पसंख्यकको अधिकारलाई सुनिश्चित गरेको भएपनि विद्यमान कानून नीति तथा कार्यक्रम तर्जूमा गर्दा यस समुदायलाई वेवास्ता गर्ने गरिएकोले यस्ता समुदायको मुद्दालाई संघ, प्रदेश र स्थानिय तहमा सम्बोधन गर्नुपर्ने खानले बताए ।

कार्यक्रममा मलंगवा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत होमनाथ सुवेदी, युएनएफपिएका बच्चालाल महतो, सेफ हाउसका बनिता कार्की, मानवअधिकार रक्षक संजालका सर्लाही अध्यक्ष मुकेश मिश्र, इनसेक प्रतिनिधि बुधन साह, ब्लु डायमण्ड सोसाइटीको तर्फबाट कार्यक्रम व्यवस्थापक श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।

# जानकी मन्दिरमा फलामे र्‍याक हस्तान्तरण

**टुडे समाचारदाता**

जनकपुरधाम । दर्शन गर्न आउने श्रद्धालु भक्तजनहरुका लागि जानकी मन्दिरलाई र्‍याक उपलब्ध गराएको छ ।

व्यवस्थित रुपमा जुत्ता चप्पल राख्नका लागि र्‍याक हस्तान्तरण गरिएको गरिमा जानकी मन्दिर महन्त रामतपेश्वर दास वैष्णवलाई र्‍याक हस्तान्तरण गरिएको थियो ।

मन्दिरमा पूजा अर्चना तथा दर्शनका लागि आउने गरेका श्रद्धालु भक्तजनलाई जुत्ता चप्पल राख्न सहज होस् भन्ने उद्देश्यले र्‍याक मन्दिरमा



बैंकले जनाएको छ ।

सो बैंकको १८औं वार्षिकोत्सवको अवसरमा हस्तान्तरण गरिएको बैंकका शाखा प्रबन्धक विपिन झाले बताए ।

# अभिमुखिकरण कार्यशाला सम्पन्न

**टुडे समाचारदाता**

रौतहट । जेम्स परियोजना अन्तर्गत आसमान नेपाल गौर रौतहटको आयोजनामा स्वास्थ्य कार्यक्रमका लागि लैंगिक र सामाजिक समावेशी संवेदनशील बजेटको अभिमुखिकरण कार्यशाला सम्पन्न भएको छ ।

रौतहट र बारा जिल्लामा संचालित कार्यक्रम अन्तर्गत स्थानीय जनप्रतिनिधिको सहभागितामा रौतहटको गौर नगरपालिका अवस्थित सिया पैलेसको सभाहलमा तीन दिने कार्यशाला गोष्ठी सप्पन्न भएको हो ।

आसमान नेपाल रौतहटका प्रोग्राम कोडिनेटर संजय कुमार यादव र बारा जिल्लाका प्रीति थापाको सक्रियतामा सहभागी प्रतिनिधिहरुलाई आसमान नेपालको केन्द्रिय कार्यालय काठमाडौका प्रोग्राम मैनेजर शम्भु जंग राणाले लैंगिक र सामाजिक समावेशी संवेदनशील



बजेटको अभिमुखिकरण्को बिषयमा प्रकाश पारेको थियो ।

सो कार्यक्रममा रौतहटको गौर नगरपालिकाका हेल्थ फैसिलिटर मन्जु रजक,गढिमाई न.पा.का सुरज साहनी, सामुदायिक सिकाइ अध्ययन केन्द्रकी चान्द कुमारी र बारा जिल्ला कलैया उपमहानगरपालिकाका हेल्थ फैसिलिटेटर अमरेश प्रसाद यादव जितपुर सिमरा उपमहानगरपालिकाका नित्या कुमारी चौधरी, नेशनल भोलेनटिएर अनिता पौडेल बारा र भिसओ रौतहटको आरती पटेलको सहभागितामा सामुदायिक सिकाई अध्ययन केन्द्रकी निशा ठाकुर सहितका सहभागीहरु सक्रिय भुमिका निर्वाह गरेको कार्यालय सहयोगी अजित कुमार यादवले बताएका छन् ।

आसमान नेपाल रौतहट फैनिसियल प्रमुख आशिष कुमार मिश्राले तिन दिने अभिमुखीकरण कार्यक्रमको सहज र सरल बनाउन अथक योगदान दिएको प्रोग्राम कोडिनेट्र संजय कुमार यादवले बताए ।

# नेपालमा लगानी गर्ने वातारण सृजना भएको छः अर्थमन्त्री पौडेल

काठमाण्डु । उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले नेपालमा लगानी गर्ने वातावरण सृजना भएको बताउनुभएको छ। शुक्रबार आयोजित पत्रकार सम्मेलनमा उहाँले नेपालले सार्वभौम क्रेडिट रेटिङमा बीबी स्कोर प्राप्त गरेपछि नेपालमा लगानी गर्नका लागि उपयुक्त वातावरण बनेको उल्लेख गर्नुभयो ।

रेटिङले नेपालको अर्थतन्त्रको संरचना, सार्वजनिक वित्त परिचालन र समष्टिगत आर्थिक तथा वित्तीय अवस्था लगानीमैत्री र उन्नत रहेको सङ्केत गरेको उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, "क्रेडिट रेटिङको नतिजाले नेपालको साख क्षमता उच्च रहेको, वित्तीय तथा आर्थिक क्षमता सवल रहेको र अन्तर्राष्ट्रिय बजारबाट ऋण लिनु पर्दा न्यून ब्याजदरमा ऋण प्राप्त गर्न सक्ने अवस्था सिर्जना गरेको छ ।" यसले निजी क्षेत्रको विश्वास अभिवृद्धि गर्न र वैदेशिक लगानी आकर्षित गर्न समेत सहयोग पुग्नेमा उहाँले विश्वास व्यक्त गर्नुभयो ।

सार्वभौम क्रेडिट रेटिङमा मूलतः अर्थतन्त्रका चार क्षेत्रहरु अर्थतन्त्रको संरचनगत पक्ष, समष्टिगत आर्थिक उपलब्धि, सार्वजनिक र बाह्य क्षेत्रका आर्थिक परिसूचकको विस्तृत रुपमा लेखाजोखा गर्ने गरिन्छ। मुलुकको सार्वभौम क्रेडिट रेटिङ गर्दा यस्ता पक्षलाई विभिन्न सार्वभौम रेटिङ मोडल र गुणात्मक मापन विधिबाट स्वतन्त्र रुपमा मूल्याङ्कन गरी प्राप्त स्कोरलाई न्यूनतमदेखि अधिकतमसम्म रेटिङ प्रदान गर्ने गरिन्छ ।



रेटिङमा नेपालको आर्थिक संरचना, सार्वजनिक वित्तको अवस्था, आन्तरिक तथा वैदेशिक ऋणको अवस्था, मौद्रिक तथा वित्तीय क्षेत्रका सूचकको अवस्था, बाह्य क्षेत्रका आर्थिक परिसूचक, सोह्रौ योजनाले परिलक्षित गरेका आर्थिक वृद्धिको मध्यकालिन तथा दीर्घकालिन खाकालगायतका विवरण र तथ्याङ्कको विश्लेषण गरिएको थियो ।

त्यसका साथै गुणात्मक मूल्याङ्कनको चरणअन्तर्गत नेपालको स्थलगत भ्रमण भई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, नेपाल राष्ट्र बैंकलगायतका सरकारी निकायका उच्च पदाधिकारसँग परामर्श र छलफल गरेको थियो ।

साथै निजी क्षेत्र र नेपालस्थित द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार निकायका अधिकारीसँग समेत परामर्श गरिएको थियो। नेपालले प्रस्तुत गरेको पूर्वाधार विकासको मध्यकालिन र दीर्घकालीन योजनाको कार्यान्वयनको मूल्याङ्कन गर्न नमूनाका रुपमा नागढुङ्गा सुरुङमार्गको अवलोकन समेत गरेको थियो ।

सार्वभौम क्रेडिट रेटिङलाई विश्वका लगानीकर्ता तथा वित्तीय सेवा प्रदान गर्ने निकायले कुनै पनि मुलुकको लगानीको वातावरण मूल्याङ्कनका आधारका रुपमा लिने मन्त्रालयका सहसचिव नारायणप्रसाद रिसालले जानकारी दिनुभायो । त्यसले मुलकको अर्थतन्त्रको संरचना र अवस्थालाई स्वतन्त्र विज्ञको आँखावाट मूल्याङ्कन गरी यथार्थ अवस्थालाई विश्वभरका लगानीकर्ता समक्ष पुऱ्याउने उहाँको भनाइ छ ।

"यस अर्थमा सार्वभौम क्रेडिट रेटिङलाई मुलुकले आफ्नो अर्थतन्त्रलाई विश्वसामू खुलारुपमा मूल्याङ्कन गराई पारदर्शिता कायम गरेको रुपमा समेत लिन सकिन्छ, नेपालको सार्वभौम क्रेडिट रेटिङले नेपालको अर्थतन्त्रलाई अन्तर्राष्ट्रिय समुदायसम्म प्रस्तुत गरेको छ, सार्वभौम क्रेडिट रेटिङ विगतका तथ्याङ्क विश्लेषणको नतिजा मात्र नभएर भविश्यपरक दृष्टिकोण समेत हो", उहाँले भन्नुभयो ।

यसले अर्थतन्त्रको भावी दिशा र सम्भावनाको आकलन गर्दै मुलुकले भविश्यमा आफ्नो ऋण दायित्व पूर्णरुपमा र समयमै भुक्तानी गर्न सक्ने क्षमताको मापन गर्दछ । नेपाल सन् २०२६ मा अल्पविकसित राष्ट्रबाट स्तरोन्नति भई नविनतम एवं वैकल्पिक वित्तका स्रोत परिचान गर्नुपर्ने अवस्थाको पूर्व तयारीका रुपमा समेत सार्वभौम क्रेडिट रेटिङलाई लिन सकिने बताउनुभयो ।रासस

## प्रादेशिक अस्पताल जलेश्वरका उपकरण प्रयोगविहीन

जलेश्वर । जिल्ला सदरमुकाममा अवस्थित प्रादेशिक अस्पतालमा खरिद गरिएको रु दुई करोड ५५ लाख ५२ हजारको उपकरण प्रयोगविहीन बनेको छ । चार वर्षदेखि पाँच थान भेन्टिलेटर, बेड सेट, मोनिटर, ईको र आइसियु सेट प्रयोगविहीन छन् ।

चार वर्ष अघि कोरोना नियन्त्रणका लागि उक्त उपकरण खरिद गरी ५० शय्याको कोभिड विशेष अस्पताल सञ्चालन गरिएको थियो । तर कोरोना महामारीको बेला पनि भेन्टिलेटर र आइसियु सञ्चालनका लागि दक्षजनशक्ति नभएपछि अस्पतालले रु दुई करोड ५० लाख बढीका ती उपकरण प्रयोगविहीन बनेका हुन् ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा प्रभातकुमार गामीले दक्ष जनशक्ति (दरबन्दी) को अभावमा उपकरण प्रयोग गर्न नसकिएको बताउनुभयो । उहाँले हाल अस्पतालमा आईसियु सञ्चालन र विशेषज्ञ चिकित्सक भर्नाको लागि प्रदेश सरकार र स्वास्थ्य मन्त्रालयसँग पहल गरिरहेको बताउनुभयो ।रासस

# 'उपनिर्वाचनको परिणामले ०८४ को निर्वाचनको आधार बन्छ'



**टुडे समाचारदाता**

जलेश्वर । आसन्न मंसिर १६ गतेको मत परिणामले नै ०८४ सालको निर्वाचनको आधार बन्ने नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले बताएका छन् ।

महोत्तरीको रामगोपालपुरमा शुक्रबार महामन्त्री शर्माले यस उपनिर्वाचनको परिणमले निर्वाचनको आधार बन्ने भएको बताए ।

उनले उपनिर्वाचनमा समेत कांग्रेस बहुसंख्यक ठाउँमा विजयी हासिल गरेर पहिलो दल बन्ने विश्वास व्यक्त गरेका छन् । महामन्त्री शर्माले भने, 'जनताको विगतदेखि भविष्यको सहयात्री बनेर सबैमा एकतावद्ध गर्ने पार्टी रहेको छ। नेपाली कांग्रेस टोपी र धोती दुबैलाई मिलाएर अगाडि बढ्ने दल हो। हिमाल, पहाड, मधेसका युवा र वृद्धलाई एक साथ लिएर बढ्ने पार्टी कांग्रेस हो। निर्वाचनमा जात, समुदाय, धर्म नहेरी कांग्रेस मतदान गर्नुपर्छ ।'

रामगोपालपुर वडा नम्बर २ मा कांग्रेसका मोहम्मद जनिफ खाँसंगै महामन्त्री शर्माले गाउ घुमेर मतदातासँग मत मागेका थिए ।

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु । |
| बृष | : नयाँ कार्य हुने । |
| मिथून | : पुरस्कार प्राप्त लाभ । |
| कर्कट | : बौद्धिक क्षमता । |
| सिंह | : प्रतिभा सम्पन्नता । |
| कन्या | : शिक्षामा उन्नति । |
| तुला | : पारिवाहिक सुख । |
| वृश्चिक | : धन वृद्धि सञ्चय । |
| धनु | : प्रेम प्रसंग, मित्र सुख । |
| मकर | : सुख समृद्धि हुने । |
| कुम्भ | : भ्रमण अवसर हुने । |
| मीन | : अवसर प्राप्त । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



नेपालगञ्ज उपमहानगरपालिका -६ फुल्टेक्रामा जारी हडियाबाबा मेलामा बिहीबार राति रामलीला मञ्चन गर्दै कलाकारहरु । *तस्बिर : रासस*

# सरकारलाई असफल हुने छुट छैन :मन्त्री अधिकारी



राँझा । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले वर्तमान सरकारलाई असफल हुने छुट नरहेको बताउनुभएको छ ।

नेकपा (एमाले) बाँकेले शुक्रबार नेपालगञ्जमा आयोजना गरेको अगुवा कार्यकर्ता भेटघाट कार्यक्रममा मन्त्री अधिकारीले राजनीतिक स्थायित्व र देशमा अग्रगमनका लागि दुई ठूला दलको सहकार्यमा बनेको सरकारले जनतामा आशा जगाउने काम गरेको बताउनुभयो ।

"हामीले जनतालाई आशा जगाउने गरी काम गरिरहेका छौँ, त्यसको प्रतिफल आइरहेको छ", मन्त्री अधिकारीले भन्नुभयो, "मुलुकमा राजनीतिक स्थायित्व र समृद्धिका लागि वर्तमान सरकार दृढताका साथ काम गरिरहेका छौँ ।" सहकारीमा देखिएका समस्या समाधान गर्न सरकारले अध्ययन गरिरहेको उहाँले जानकारी दिनुभयो ।

सहकारीमा देखिएका समस्या समाधान गर्न समिति नै बनाएर अध्ययनको काम गरिरहेको मन्त्री अधिकारीले बताउनुभयो । "ऋण लगेकालाई ऋण तिर्न पर्दैन भन्ने हल्ला फैलाइएको छ, त्यो होइन, ऋण तिर्नुपर्छ", उहाँले भन्नुभयो ।

मन्त्री अधिकारीले निम्न आय भएका व्यक्तिले थोरै-थोरै बचत गर्ने ठाउँ सहकारी भएकाले यसमा देखिएका समस्या समाधान गरेर अगाडि बढ्नुको विकल्प नरहेको बताउनुभयो । उहाँले मन्त्रालयले सूचना केन्द्रलाई अगाडि बढाउने, कोष खडा गर्ने, न्यायाधीकरण बनाउने र नियमन निकाय बनाउन जरुरी भएको उल्लेख गर्नुभयो । लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका मालपोत कार्यालयको वार्षिक समीक्षा गोष्ठीमा सहभागी हुन उहाँ यहाँ आउनुभएको हो । रासस

# सहकारीको भावनाविपरीत सञ्चालन गर्दा समस्या आयो : मुख्यमन्त्री पाण्डे




गण्डकी । गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले केही व्यक्तिको कमजोरीले गर्दा सिङ्गो सहकारी क्षेत्र बदनाम भएको बताउनुभएको छ । जिल्ला सहकारी सङ्घ लि कास्कीको नवनिर्मित भवनको शुक्रबार उद्घाटन गर्दै उहाँले पछिल्लो समय सहकारीभन्दा तर्सिने अवस्था सिर्जना भएको छ भन्नुभयो ।

"सहकारीको उद्देश्य, मर्म र भावनाविपरीत सहकारी सञ्चालन गर्दा समस्या आएको हो", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "सहकारी संस्थाका नियमनकारी निकाय पनि कमजोर देखिएका छन् ।" जतिसक्दो चाँडो सहकारीमा देखिएको समस्याको समाधान गरी सहकारी क्षेत्रको गुमेको साख फिर्ता ल्याउनुपर्ने उहाँको भनाइ छ ।

मुख्यमन्त्री पाण्डेले सहकारी बचत रकम अपचलनमा संलग्न भएको तथ्य प्रमाण भेटिए जुनसुकै व्यक्ति भए पनि कारबाहीको दायरामा आउने बताउनुभयो । "सरकारले विनातथ्य प्रमाण कसैलाई पनि केही गर्दैन, दोषी भए कारबाही हुन्छ, निर्दोष भए सोहीअनुसार हुन्छ, यसमा अन्यथा सोच्नुपर्ने विषय केही छैन ।" प्रदेश सरकारले सहकारीमार्फत कृषि उत्पादनमा लागेका किसानलाई अनुदान दिँदै आएको बताउनुभयो ।

गण्डकी प्रदेशका सहकारी रजिस्टार भेषराज रिजालले निष्क्रय रहेका सहकारी संस्था खोरजीको प्रक्रियमा रहेको बताउनुभयो । सहकारी संस्था धेरै हुँदा न्यून जनशक्ति र संरचनाबाट प्रभावकारी नियमनमा जटिलता रहेको उहाँको भनाइ छ । डेरी उद्योगसमेत सञ्चालन गर्दै आएको उक्त सहकारी सङ्घले झण्डै रु दुई करोडको लागतमा भवन निर्माण गरेको सङ्घका अध्यक्ष सावित्रा कोइरालाले जानकारी दिनुभयो ।रासस

# भरपर्दो उपचार दिने भरोसा जगाउँदै बर्दिबास अस्पताल

महोत्तरी । आम सेवाग्राहीले उपचारमा समुचित सेवा र वास्ता पाएपछि बर्दिबास अस्पतालसँगको भरोसा बढ्दैछ । अस्पतालले सेवा विस्तार गर्दै उपचारमा गरिबको पहुँच बढाउँदै लगेपछि अहिले अस्पतालबारे सकारात्मक धारणा बन्दै गएको हो ।

"अबचाहिँ उपचारै नपाएर मरिन्न होला", महोत्तरीको बर्दिबास-२ की सङ्गीता मुखिया भन्नुहुन्छ, "अस्पतालमा बिरामीले राम्रो वास्ता पाउँछन्, बर्दिबास अस्पतालको उपचार सेवाबारे विश्वास र भरोसा बढेको छ ।"विसं २०६४ मा स्थापित यो अस्पतालले क्रमशः सेवा विस्तार गर्दै गएपछि सेवा लिने निकै बढेका छन् । एकताका नजिकमै अस्पताल भए पनि उपचार पाउने/नपाउने संशयले बाहिर उपचार गर्न जाने सर्वसाधारण अब यहीँ उपचार लिन थालेका छन् ।

आर्थिक वर्ष २०८०/८१ मा अस्पतालले २७ हजार ७१ जनालाई उपचार सेवा दिएको अस्पताल सेवा मेडिकल सुपरिटेण्डेण्ट डा सुदीप ठाकुरले बताउनुभयो । जसमा एक हजार पाँच सय ४९ सुत्केरी सेवा लिएका छन् । जसमध्ये चार सय ९६ जनाले शल्यक्रियाका माध्यमबाट सुत्केरी सेवा लिएका डा ठाकुरले स्पष्ट पार्नुभयो । उपचार सेवा लिने सेवाग्राहीमध्ये २३ हजार दुई सय ९८ जनाले ओपिडी सेवा लिएका छन् । खासमा




सुत्केरी सेवाको कुशल व्यवस्थापनले अस्पतालको सेवाबारे राम्रो सन्देश प्रवाह भएको बर्दिबासका बारनचौडीका विदुर काफ्ले बताउनुहुन्छ ।

अस्पतालले आर्थिक वर्ष २०८१/८२ का बितेका चार महिना (साउनदेखि कात्तिकसम्म) ११ हजारभन्दा बढी बिरामीलाई उपचार सेवा दिएको छ । अस्पतालको प्रसूति सेवाले टाढाटाढा सेवा लिन जानुपर्ने वाध्यता हटेको ग्रामीण महिलाको प्रतिक्रिया छ । पछिल्ला चार महिनामै सुत्केरी सेवा लिने चार सय माथि पुगेका छन् । शल्यक्रियाबाट सुत्केरी सेवा लिनेकै सङ्ख्या यो चार महिनाको अवधिमा एक सय ८५ छ । प्रसूति सेवाको व्यवस्थाले जनकपुरसम्म जानुपर्ने अवस्था अब हटेको बर्दिबास-२ का गायत्री उपाध्याय बताउनुहुन्छ ।

सुरुमा १५ शय्याको यो अस्पतालले सेवा विस्तार गर्दै अहिले ५० शय्याबाट सेवा दिँदैछ । अस्पतालमा बहिरङ्ग सेवा, आकस्मिक सेवा, ओपिडी, प्रसूति, शल्यक्रिया, प्रयोगशाला, एक्सरे, भिडियो एक्सरे, ओसिएमसी, एसएनसियुसहितका सेवा सञ्चालनमा छन् । यसैगरी ओपिडी सेवामा बालरोग, हाडजोर्नी, स्त्री तथा प्रसूति रोग, जनरल सर्जरी (शल्यक्रिया), इण्टरनल मेडिसिन र एमडीजिपी उपचार दिइरहेको डा ठाकुरको भनाइ छ ।

अस्पतालले सामाजिक सुरक्षा सेवा स्थापना गरी यसअन्तर्गत विपन्न, अशक्त, असहाय, अपाङ्गता भएका र दुर्घटनामा परेका व्यक्तिलाई बर्दिबास नगरपालिकाको सिफारिसमा निःशुल्क र विशेष छुटमा उपचार सेवा दिने गरेको छ । सेवा विस्तार गरिँदै लगिएपछि अस्पतालमा बर्दिबास नगरक्षेत्रबाहेक जिल्लाकै औरही र भङ्गाहा नगरपालिका छिमेकी जिल्ला धनुषाको मिथिला तथा सर्लाहीको ईश्वरपुरसम्मका बिरामी उपचार लिन आउने गरेका अस्पतालले जनाएको छ । यसबाहेक सिन्धुलीको दुधौली नगरक्षेत्रका बिरामी पनि यहाँ उपचार लिन आउने गरेका छन् । बर्दिबास नगरपालिकाकै जनसङ्ख्या २०७८ को राष्ट्रिय जनगणनाअनुसार ७४ हजार ती सय ६१ जना छ । यो र छिमेकका अन्य स्थानीय तहका गर्दा करिब दुई लाख जनाले यो अस्पतालको सेवा सम्पर्कमा रहेका अस्पताल व्यवस्थापन समितिका अध्यक्ष जयनारायण शर्मा बताउनुहुन्छ ।

अस्पतालमा हाल पाँच विशेषज्ञसहित १५ जना चिकित्सक, विभिन्न शाखामा कार्यरत स्वास्थ्यकर्मी ७५ जना र अन्य प्रशासनिक सेवासहित एक सय १० जना कार्यरत रहेका अध्यक्ष शर्माको भनाइ छ । बर्दिबास नगरपालिकाले नगरसभाबाटै स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेको हुँदा अस्पतालको सेवालाई अझ विस्तार गरिँदै गुणस्तरीय भरपर्दो बनाइँदै लगिने नगरप्रमुख प्रल्हदकुमार क्षेत्री बताउनुहुन्छ । उपचार प्रबन्धले यो अस्पतालले मधेसभरिकै नगर अस्पतालमा उत्कृष्ट स्थान पाएको बर्दिबास नगर कार्यपालिकाको कार्यालय स्वास्थ्य शाखाका प्रमुख वरिष्ठ जनस्वास्थ्य निरीक्षक सुरेश पासवानको भनाइ छ ।रासस

# ऊर्जा दक्षता प्रवर्द्धनको निमित्त अनुदान योजनाको शुभारम्भ



काठमाण्डु । नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम-नेपालमा दिगो ऊर्जामार्फत पुनःप्राप्ति एवं सशक्तीकरण कार्यक्रमअन्तर्गत शुक्रबारदेखि नेपालमा उद्योग तथा व्यवसायमा ऊर्जा दक्षताको प्रवर्द्धन निमित्त एक अनुदान योजना प्रारम्भ भएको छ ।

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड व्यवस्थापक रहेको यस अनुदान योजनाको प्रमुख उद्देश्य, उद्योग तथा व्यवसायहरूलाई ऊर्जा दक्षताका उपायहरु अवलम्बन गर्न प्रोत्साहन गर्नु रहेको रीप-ग्रीन कार्यक्रमले जनाएको छ ।

उद्योग तथा व्यवसायहरुमा ऊर्जाको दक्ष उपयोगबाट ऊर्जा खपतमा कमी ल्याई नेपालमा दिगो औद्योगिक विकासलाई बढावा दिनुका साथै कार्बन उत्सर्जन घटाउनु यस पहलको प्रमुख उद्देश्य रहेको कार्यक्रममार्फत जारी विज्ञप्तिमा उल्लेख छ ।

यस पहलअन्तर्गत ऊर्जा परीक्षकबाट सिफारिस भएका ऊर्जा दक्षताका उपायहरु कार्यान्वयनमा प्रोत्साहन दिन राष्ट्रिय वाणिज्य बैंकमार्फत आंशिक अनुदान उपलब्ध गरिनेछ ।

अनुदान सञ्चालन निर्देशिकाअनुसार आंशिक अनुदान, ऊर्जा दक्षताका उपायहरुमा कूल आवश्यक लगानीको निश्चित प्रतिशत हुनेछ । अनुदानको निमित्त योग्य हुन उद्योग व्यवसायहरुले मर्यादित कामका सिद्धान्त तथा वातावरणीय मापदण्डसमेत अवलम्बन गरेको हुनुपर्ने जनाइएको छ ।

यस पहलले उद्योग तथा व्यवसायमा ऊर्जा दक्षताका उपायहरु अवलम्बन गर्दा देखिने वित्तीय समस्यालाई सम्बोधन गरी ऊर्जा दक्षताका प्रविधिहरुमा लगानी गर्न उद्यमी तथा व्यवसायीलाई प्रोत्साहित गर्ने अपेक्षा गरिएको छ । यसरी यस पहलमार्फत ऊर्जा दक्षताको महत्वपूर्ण पक्ष मानिने ऊर्जा लागतमा कटौतीका साथै पर्यावरणीय लाभ तथा विदेशी विनिमयको सञ्चितिमा टेवा पुग्ने विज्ञप्तिमा उल्लेख छ ।

साथै, यस अनुदान योजनाको सुरुआतले नेपालको औद्योगिक र व्यावसायिक क्षेत्रमा ऊर्जाको दक्ष प्रयोगमा रहेको सचेतना एवं कार्यान्वयन बीचमा रहेको खाडल पुर्नका लागि महत्वपूर्ण कदम हुनेछ ।

यसले दिगो ऊर्जा अभ्यासलाई बढावा दिन, चक्रीय अर्थतन्त्रका सिद्धान्तलाई एकीकृत गर्न र उद्योग तथा व्यवसायमा मर्यादित कामको अभ्यासलाई प्रोत्साहित गर्नेजस्ता व्यापक लक्ष्यलाई समेट्छ । यस अनुदान पहलको शुभारम्भले नेपालको स्थायी ऊर्जा समाधानप्रतिको प्रतिबद्धतालाई रेखाङ्कीत गर्नेछ, जसले उद्योगहरूलाई ऊर्जा संरक्षण, जलवायु-अनुकूल अभ्यासमा योगदान पुऱ्याउन तथा मर्यादित कामका सिद्धान्त अवलम्बन गर्न व्यावहारिक मार्ग प्रदान गर्नेछ ।

जर्मन सङ्घीय आर्थिक सहयोग तथा विकास मन्त्रालय (बिएमजेड) तथा युरोपियन युनियनको आर्थिक सहयोगमा ऊर्जा, जलस्रोत र सिँचाइ मन्त्रालयद्वारा सञ्चालित यस कार्यक्रममा जर्मन विकास सहयोग-जिआइजेडले प्राविधिक सहयोग पुऱ्याउँदै आएको छ । नेपालमा नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताका पहलहरूलाई प्रवर्द्धन गर्न आवश्यक पर्ने नियामक, संस्थागत संरचना एवं निजी क्षेत्रको सहभागिताको निमित्त उचित स्थिति निर्माण गर्ने तथा ऊर्जाको दिगो उपयोग तथा उत्पादनलाई बढावा दिने उद्देश्य रहेको यस कार्यक्रम अन्तर्गत राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले उद्योग तथा व्यवसायहरुमा ऊर्जा प्रवर्द्धनको निमित्त उपलब्ध हुने अनुदानको व्यवस्थापन गर्दछ ।रासस

# राष्ट्रलाई भ्रममा पार्ने षडयन्त्रका विरुद्ध एमालेको जागरणसभा : महासचिव पोखरेल




काठमाण्डु । नेकपा (एमाले)का महासचिव शङ्कर पोखरेलले राष्ट्रलाई भ्रममा पार्ने षडयन्त्रका विरुद्ध एमालले जागरणसभा आयोजना गरेको बताउनुभएको छ ।

नेकपा एमाले काठमाडौं, ललितपुर र भक्तपुर तीन वटा जिल्ला कमिटीले शुक्रबार आयोजना गरेको कार्यक्रममा महासचिव पोखरेलले अनावश्यक षडयन्त्रलाई चिर्न जागरणसभा आयोजना गरेको स्पष्ट पार्नुभयो । उहाँले देशका प्रमुख दुई ठूला राजनीतिक दल नेपाली कांग्रेस र नेकपा (एमाले) मिलेर राष्ट्रलाई राजनीतिक निकास दिन लागेका बेला विभिन्न षडयन्त्र भइरहेकोतर्फ सचेत हुन आग्रह गर्नुभयो ।

राष्ट्र र राष्ट्रियताका पक्षमा उभिएकै कारण एमाले माथि आक्रमण भएको उल्लेख गर्दै महासचिव पोखरेलले भन्नुभयो, "हाम्रो पार्टीका विरुद्ध चौतर्फी घेराबन्दी र आक्रमण हुँदै आएको छ, अहिले एमालेलाई समाप्त पार्न अनेक षडयन्त्र भइरहेका छन् । एमालेविरुद्ध फैलाइएका सबैखाले भ्रम चिर्न पार्टी पंक्ति एक हुनुपर्ने समय आएको छ ।"महासचिव पोखरेलले एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री हुँदा आर्थिक प्रगति गर्ने मुलुकहरुको सूचीमा नेपाल परेको प्रसङ्ग उल्लेख गर्दै भन्नुभयो, "देश बनाउने पार्टी एमाले हो, काम गर्नेलाई काम गर्न देऊ भन्न सक्नुपर्दछ, तब मात्र देश बन्दछ ।"

महासचिव पोखरेलले राजनीतिक अस्थिरताका कारण देशको विकास हुन नसकेको महसुस गरी ठूला राजनीतिक दल एक भइ सरकारमा गएको बताउनुभयो । पछिल्ला दिनमा एमालेसँग जोडेर गलत प्रचार हुन थालेको उल्लेख गर्दै आफ्नो पार्टीमाथी जोडिएका सबै विषयमा छानबिन गर्न चुनौती दिनुभयो ।

महासचिव पोखरेलले अराजकताका विरुद्ध केपी ओली दह्रोसँग उभिएका कारण उहाँलाई बदनाम गराउने प्रयास भइरहेको बताउँदै भन्नुभयो, "नेकपा एमाले जनताको हृदयमा छ, राष्ट्रको हृदयमा छ, नेपाली समाजमा केही व्यक्तिहरू जे कुरालाई पनि षडयन्त्रको जालो रच्ने खेलमा लागेका छन्, त्यसतर्फ हामी सबै सचेत रहनुपर्छ ।"

उहाँले कम्बोडियामा भइरहेको कार्यक्रममा एमालेका नेताहरू भाग लिन जाँदासमेत कुप्रचार गरिएको भन्दै आपत्ति जनाउनुभयो । नेकपा एमाले सहकारी छानबिनमा व्यक्ति नभई घटना केन्द्रित छानबिन गरौँ भन्ने पक्षमा रहेको स्मरण गराउँदै महासचिव पोखरेलले व्यक्ति केन्द्रित भइ अनुसन्धान गरौँ भन्ने राष्ट्रिय स्वतन्त्र पार्टी सभापति अहिले आफैँ अनुसन्धानको दायरामा रहेको बताउनुभयो ।

महासचिव पोखरेलले मुलुक र जनताको पक्षमा अहोरात्र खटिरहेको एमालेलाई रास्वपा सभापतिको गिरफ्तारी र उहाँमाथि भइरहेको अनुसन्धन प्रक्रियाका सन्दर्भमा बुझ्दै नबुझि अनावश्यक ढङ्गबाट मुछ्न जोजिएकोमा आपत्ति प्रकट गर्दै यथार्थ घटनाक्रम बुझेर मात्र स्पष्ट धारणा बनाउन देशवासीसँग अनुरोध गर्नुभयो । एमाले देश बनाउने यात्रामा रहेको बताउँदै महासचिव पोखरेलले देश बनाउने सन्दर्भमा प्राप्त सबै सुझाव एमालेले ग्रहण गर्ने बताउनुभयो ।रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। नेता जी ।।

नेता जी, वादा कतेक करी,
जनता सोचय, कतेक सही?
भाषण सुनि मन अछि खुश,
पर कामक नाम पर सब किछु फुस।
चुनावक समय अएबै दुआर,
फेर जनता कैँ छोड़बै बेकार।
विकासक बात करी जोर-शोर,
पर काम कहाँ? सब अछि भोर।
सड़क-अस्पतालक वादा रहल,
पर हालत देखू, सब ठप्प भेल।
शिक्षा-रोजगार केर बात करी,
पर युवा बेरोजगारी सँ जूझि मरि।
भुखमरी, गरीबी, बढ़ल लागत,
नागरिक कैँ कठिन भेल दिन राता।
नेता जी, की अहाँ नहि देखलहुँ?
देशक सपना केना तोड़लहुँ।
सत्ताक खेल कखन तक खेलब?
किछु सार्थक काज कखन करब?
जनक विश्वास कैँ पुनः जीतू,
नेता जी, सच्चा नेता बनि उठू।
जनता केर सेवा, अहाँक धर्म,
तकरा सँ दूर, की अछि कर्म?
समय एखन अछि, सच्चाई पाओ,
देशक भला लेल हाथ बढ़ाओ।



**लेखक: प्रिया जायसवाल**
**ठेगाना: जनकपुरधाम ०१**

## ।। लुटतन्त्रको महल ।।

नेताजीको वाचा मिठा शब्दले भरिन्छ,
तर कुर्सी भेटेपछि न्याय बग्लिन्छ।
कानुन बन्छ, सुविधा आफ्नै,
जनताको हक भने खण्डहरझैँ।
बजेटमा लेखिन्छ विकासका नाम,
तर हराउँछ त्यो जनता जान्नै नपाउँ।
स्कुलका झ्याल, अस्पतालका छत,
कहाँ हरायो, थाहा छ ठेकेदारको गत ।
नियम बनेकै छन् झुकाउने लागि,
कमजोर थिच्न, बलियाको सिफारिस मागी।
मन्त्रीको गाडी सुनले चम्किन्छ,
तर गाउँको बाटो हिलोमै डुब्छ।
अन्तर्राष्ट्रिय ऋणको भारी,
जनताको शिरमै थोपर्ने तयारी।
कसको लाभ, कसको घाटा?
उत्तर छैन, प्रश्न लाजमा लपेटिन्छ।
फूलजस्तै सपना फुलाउने,
तर काँडाजस्तै दमन गर्ने।
सत्ता छिर्ने रहर यति अचम्म,
जनताको पीडा बन्छ खाली भ्रम।
भाषण त फुल जस्तै मीठो,
तर कर्म भने काँडा जस्तै तीतो।
कहिले ठेक्का, कहिले घूस,
न्यायको बाटोमा चल्छ पटाकाको धूस।
तर समय चुप लाग्ने छैन,
जनताको आवाज चर्को हुन्छ।
भ्रमको पर्दा च्यातिन्छ,
सत्ता गलत हातबाट फुत्किन्छ।
नयाँ बिहान, नयाँ आवाज,
जनताको माटोले गर्छ नयाँ सुराज।
सत्य, ईमान, र न्यायको स्वर,
अब बनाउँछौं देशको आधार।
अब समय हो हामी उठ्ने,
भ्रष्टाचारका पाइलाहरू मेट्ने।
जनताको माटो, जनताको गाथा,
देशको स्वाभिमान हाम्रो साथमा।



**लेखक : मैथिली राजन दास**
**ठेगाना : शहिदनगर नगरपालिका**

## ।। अब त तिमी खुशी छौ नी ।।

छाडी दिए मैले तिमीलाई कल एसएमएस गर्न
छाडी दिए आफ्नो दुःखको व्यथा तिमी संग बाँड्न
आफ्नो जीवनमा अब तिमी रमाउनु सानु
छाडी दिए मैले संघर्षको बाटोमा तिमीलाई लौरो झै टेक्न
छाडी दिए तिम्रो गल्तीलाई आफ्नो गल्ती मानी सम्बन्ध जोगाउन
छाडी दिए भाग्यमा नै नभएको तिमी लाई आफ्नो निधारमा सजाउन
छाडी दिए मैले तिमीलाई आफूभन्दा बढी केयर गर्न
छाडी दिए हाम्रो माया को कुरा हामी बिच नै शेयर गर्न
छाडी दिएमैले तिम्रो गल्तीमा तिमीलाई टोक्न
छाडी दिए मैले तिमी लाई अरुसँग बोल्न बात रोक्न
छाडी दिए मैले तिमी संग माया को भिख माग्न
छाडी दिए मैले तिम्रो पछाडि पागल झै भाग्न
अब अझ चाहन्न तिम्रो सपनाको बाधा बन्न
त्यसैले छाडी दिए तिमीलाई निद्रा बात जगाउन
छाडी दिए बिहानको good morning र साँझको good night भन्न
छाडी दिए तिम्रो संसार, छाडी दिए तिम्रो मायाको सञ्जाल
म लाई कहीं कतै तिमी हेरेर दुखी हुनुनपरोस्
त्यसैले छाडी दिए सामाजिक सञ्जालमा तिमीलाई खोज्न



**नाम :- रामनारायण साह सोनार**
**पद:- शिक्षक (नेपाल सरकार)**
**ठेगाना :- छिपहरमाई गा.पा. -४, पर्सा**

## ।। निकम्मा प्रधानमन्त्री ।।

केपी ओली, तिम्रो शासन, सपना देखाउने खेल मात्र,
जनता पर्खिरहेँ तर कहिल्यै आएन उज्यालो पलभर।
ठूला कुरा ठूला वाचा, विकासका गोरेटो देखायौ,
तर जनताको पिडामा नजर तिमीले कहिल्यै घुमाएनौ।
जनताले माया गरे, विश्वासका हात बढाए,
तर तिमी कुर्सीको मोहमा, केवल सत्ता सजायौ।
देशको भविष्य बोकेको युवा, तिमीबाटै निराश छ,
रोजगारी, शिक्षा, स्वास्थ्य - सबथोकमा निरन्तर उदास छ।
कहिले आफैंमा गर्व गऱ्यौ, कहिले दोष अरूलाई दियौ,
तर देशलाई जकड्ने समस्यामा कहिल्यै ध्यान लगाएनौ।
सपना बाँड्ने तर कर्म नदेखाउने यो कस्तो शासन?
जनताको सहनशीलता पनि त होस्,
निकम्मा प्रधानमन्त्री, अब जाग, अन्त्य गर यो नाटक!
अब समयले प्रश्न सोध्नेछ, जवाफ दिनैपर्छ,
देश र जनताको बिछोडमा, यो इतिहासले तिमीलाई सम्झिरहनेछ।
तिम्रो सत्ता सकिएला, तर जनता बाँच्छन् आफ्नै धर्तीमा,
तर निकम्मा प्रधानमन्त्रीको कथा-मात्रै रहन्छ इतिहासका पानामा।



**लेखक:राम पुकार महतो (बिद्रोही)**

## ।। देशको माया र ममता ।।

सानो - सानो देश,
हामी छौँ स्वदेश।
सानो तिनो काम गरेर,
जीवन अगाडि बढाउनुपर्छ।
देशको असल नागरिक बनेर,
देश नेपाललाई चिनाउनुपर्छ।
७७ जिल्ला १४ अञ्चल,
हामी बन्नुपर्छ सबै काममा चनचल।
हामिले कहिलै पनि गर्नुहुन्न हलचल।
बितेका काम र कुरालाई सम्झिनुहुन्न पलपल।
अझ राम्रो काम गरेर देखाउनुपर्छ, दुनियालाई।
देशको कविता र लोक गित सुनाउनुपर्छ, बिदेशीलाई।
राम्रा गुण र ब्यवहारलाई, सिकाउनुपर्छ सानालाई।
आफुभन्दा जेष्ठ नागरिकलाई ,सम्मान गर्नुपर्छ ठुलालाई



**कविता लेखक:- नबिन श्रेष्ठ**
**हाल अध्ययन शिक्षण:- बि.एड स्नातक चौथो बर्ष**
**ठेगाना:- सितापुर - खोरिया, भुचक्रपुर - बटेश्वर-१**
**अध्यनरत हाल कलेज:- बर्दिबास जनता बहुमुखी क्याम्पस बर्दिबास-१, महोत्तरी**

## ।। विद्यार्थीको पीडा ।।

विद्यार्थीको सपना अधुरो भयो,
पढाइको बाटो अवरोध भयो।
जनकपुर महानगर र प्याब्सनको झगडा,
भविष्य बन्दैछ कति सपना झलझल।
कसले सुन्छ त यी बालहृदयको पुकार,
स्कूलको ढोका बन्द, थाम्दैन आँसु धार।
शिक्षाको उज्यालोमा डुब्न चाहनेहरू,
तिम्रै झगडाले बन्दैछन् अँध्याराका बासिन्दा।
कसरी बुझुन् त तिनीहरू,
यो राजनीति, यो असमानता?
शिष्यहरूको कलम रोकियो,
कक्षाकोठा सुनसान भयो।
आमाबाबुका सपना चकनाचुर भए,
के भोलि यिनीहरू सडकमा हराउँछन्?
शिक्षा नै जीवन हो भने,
किन तिमीहरू बनाउँछौ जीवनलाई जेल?
सम्झना गर, तिमीहरूकै झगडाले,
कसको भविष्य हो बिग्रिरहेको?
सुल्झाऊ यो गाँठो, खोज इमानदार उपाय,
विद्यार्थीको सपना फेरी उज्यालोमा ल्याऊ।
शिक्षा त धर्म हो, सबैको अधिकार,
यसलाई नबनाऊ व्यापारिक बजार।
आजै समाधान खोज, जिम्मेवारी बहन गर,
विद्यार्थीको भविष्य फेरी उज्यालो गर।



**सौम्य राज पाठक**
**कक्षा १२, मोडेल कलेज**
**घर :- जलेश्वर ८ (बजराही)**

## ।। हाम्रो समुदाय ।।

समुदायको माया सधैं नयाँ हुन्छ,
एकताको धागोले मन सजना हुन्छ।
सुख-दुःखमा साथ दिन खुट्टा पछाडि हट्दैन,
हाम्रो मनको बाटो कहिल्यै तङ्गिदा हुन्छ।
भिन्न जात, धर्म सबै एउटै बन्छ,
माया र सहयोगले सारा संसार बन्छ।
जति ठूलो आँधी होस्, हामी डराउँदैनौं,
साथ मिल्दा हाम्रो शक्ति अमर हुन्छ।
एकतामा रमाउने हाम्रो गाउँ छ,
मनले जोडेपछि सारा सम्भव हुन्छ।



**लेखक विवेक साह**
**जनकपुरधाम ४**
**डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ (६ सेमेस्टर)**

## ।। आधुनिक जनकपुरधाम के निर्माता ।।

आधुनिक जनकपुरधाम का निर्माण
संत सूर किशोर ओर चतुर्भुज गिरी
अमर रामायण के रचयिता हुए
जनकराज किशोरीशरण "रसिक अलि"
जनकपुरधाम की ख्याति बढाए
महन्थ विश्वेश्वर ओर गोकुल गिरी
अन्तःगृह परिक्रमा सडक बनाए
बाबा अवध विहारी दास मौनी
पंडित अवध किशोर दास "प्रमनिधि"
रामानन्द आश्रम बनाए
जनकपुर कि झाँकी सहित दर्जनों पुस्तक लिख
रामानन्द साहित्य माला को बढाए।
शैक्षिक विकास का दो हजार,
तीन में शुभारंभ किए
पण्डित ठाकुर प्रसाद रेग्मी
रामस्वरुप साह भवन बनाए
सरस्वती ओर सकल भवन कन्या माड्डविड्ड
रामस्वरुप रामसागर बहुमुखी कैम्पस
ओर संस्कृत कलेज आदि का निर्माण
नहीं भुलाए जाएगें कभी गंगाधर दत्त
लोकराम पांडे ओर पंड्ड सूर्यकान्त झा का योगदान
डाड्ड रामनाथ अघोडी अनशन कर
दो हजार तेरह में करवाए अस्पताल का निर्माण
डाःजयवल्लभ दास स्वयंसेवक वन
किए हजारौं का जीवन कल्याण
रामशरणदास भजनिया बाबा ने
अखण्ड ज्योति प्रज्वलित कर
किया जनकपुरधाम का अध्यात्मिक विकास
पंडित केशवराज ने साकेत धाम का निर्माण कर
किया एक नयाँ युग का प्रकाश
जनकपुरधाम का औघोगिकरण के नाम पर
रामनारायण मिश्र ने बनबाया सिगरेट कारखाना
प्राचीन जनकपुर धाम का अस्थित्व संरक्षण के लिए
रवीन्द्र साह ने किया अनशन और धारना
जनक जानकी की पुण्यभूमि जनकपुरधाम
प्राचीन मिथिला का है गौरव
बैष्णव तीर्थस्थली जनकपुरधाम का
हम सब मिलकर करें संरक्षण और संवर्द्वन।



**लेखक:-निरज कुमार यादव**
**ठेगाना:- लक्ष्मीनियाँ गाँउपालिका वार्ड:-३**

## ।। अस्थिर जीवन ।।

न, बोल्ने मन्दिर बनायो,,
न, बोल्ने तस्बिर बनायो,,
बनाउने ले पनि मलाइ,,
दुःखको अमिर बनायो,
मन दुख्ने था हुँदाहुदै,
कसले यो पिर बनायो,
सोचिरहेछु माकुराले किन,,
आफ्नै बाटो जन्जिर बनायो,,
थाहा छैन कस्ले किन हो यो जीवन अस्थिर बनायो..



**नाम :- सरजीत यादव**
**घर :- महोत्तरी-०१ सोनुखरा**

## ।। गरीब हुनु पाप होइन ।।

गरिबीको जिन्दगी,
सबै चाहना अधुरो, सबै सपना अधुरो।
साँचो मनको आँखाले हेर्दा,
यो गरिबी कसरी बित्छ, थाहै हुँदैन।
तर, हातमा पैसा नभएकोले त्यो मात्रै केही पलको खुसी हो।
पसिनाले भिजेको यो शरीर,
तर पेटको भोक कहिल्यै नअघाएको।
दिनभरको मिहिनेत, रातभरको चिन्ता,
यस्तै हो गरिबीको जिन्दगीको कथा।
तर, यो जिन्दगीमा खुसीको पल एक दिन पक्कै आउँछ।
मनबाट निस्केको प्रेम, परिवारको साथ।
माया र संघर्षले सजिएको जिन्दगी,
गरिबी भए पनि, मन धनीको कुरा।
तिमी जो यो जिन्दगीलाई सानो आँक्छौ,
एकचोटि सोध गरिबको मुटुभित्रको भोक।
किनकि यो जिन्दगी,
साहस र संघर्षको प्रतीक हो।
"गरिबीले के ल्याउँछ? चुनौती र संघर्ष।
तर मनको धनी हुँदा, यो जिन्दगी स्वर्ग बराबर।"



**गुड्डु सिंह कुशवाहा**
**कक्षा:- १२, मोडेल मल्टिपल कलेज**
**घर:- औरही न. पा. :-०९ (भवानिगञ्ज)**

## ।। सोमरस ।।

जन्म जात धर्म जीवनको भौतिक अपवाद
अध्यात्म तथा मानव संरचना मा छ विवाद
कोही धर्मलाई धारण गरी अघि बढी रहेको छ
कोही शिक्षालाई उत्तरोत्तर सम्म ग्रहण गर्दैछ
भनिन्छ शिक्षा वो शेरनिका दूध हे जितना ग्रहण करेगा उत्तना हक
अधिकार के लिए संघर्ष करेगा
यस पृथ्वीमा कोही गरिबीमा जन्मिन्छन् त कोही अमिरी ठाटमा पैदा
हुन्छ
गरिब पनि सङ्घर्ष गरी तथा शिक्षा आर्जन गरी धनवन्त्रि बन्छ
कोहि धनी भएर पनि कुभिण्डो को स्वरुप मा परिवर्तन हुन्छ
दया माया सम्मान पाउनु सबैको समान हक अधिकार छ
शिक्षा आर्जन मा पहुँच राख्नु पर्ने सबैको अथक प्रयास हुनुपर्छ
विदेशका हस्तिहरु ग्रह उपग्रह का अध्ययन अनुसन्धान गरिसके
हाम्रो नेपाल रुढिवादी धर्म लाइ लिएर शिक्षा को पहुँच खस्काउँदै छ
निरछ्यर रहनु पाप हो साछ्यर बन्नु अग्यानता लाइ दुर गर्नु हो
प्राविधिक शिक्षा तथा हुन्नर मा पहुँच राख्नु सर्वमान्य हुनेछ
धर्म मा आधारित रहनु भन्दा शिक्षा मा प्रभावशाली रहनु पुष्पाण्जली
बुद्धको धम्मले दिन्छ सार्थक तथा शान्त जिवनयापन गर्ने शैली
हिन्दु मुस्लिम सिख इसाइ यि चारो हे भाइ भाइ
शिक्षा ले मेट्न सकिन्छ यि धर्म का अधुरा पाना लाइ



**प्रमोद राम**
**जनकपुरधाम ९**

# जनकपुरको खस्कदो बजार: समस्या र समाधानका उपायहरू



**लेखक:सन्जिब साह**

जनकपुर, मिथिला क्षेत्रको सांस्कृतिक र ऐतिहासिक धरोहरले भरिपूर्ण शहर हो, तर यसको बजार पछिल्लो केही वर्षमा निकै खस्केको छ। सस्तो र असुविधाजनक यातायात व्यवस्था, सस्तो बनावटका दुकानहरू, र खराब सड्कोंका कारण जनकपुरको बजारले आर्थिक प्रगति र व्यापारिक वृद्धिमा ठूलो चुनौती सामना गर्दैछ। स्थानीय बजार र व्यापारिक गतिविधिहरूलाई आधुनिक बनाउनको लागि अझै थप सुधारको आवश्यकता छ। यो समस्याले यहाँका व्यवसायीहरू र ग्राहक दुवैलाई असहज पारिरहेको छ, जसले गर्दा व्यापारिक गतिविधिमा कमी आएको छ।

जनकपुरको बजारमा सफा र व्यवस्थित बजार संरचनाको अभाव छ। सड्कोंको अवस्था जर्जर छ, जसले यातायातलाई कठिन बनाउँछ र सामानको ढुवानीमा ढिलाइ हुन्छ। नाला र पानीको निकासी प्रणालीमा पनि समस्या छ, जसका कारण वर्षा हुँदा सडकहरू डुब्न जान्छन्। यसले ग्राहकहरूको आवतजावतमा असुविधा ल्याउँछ र व्यापारमा बाधा पुर्याउँछ। बजारको अव्यवस्थित संरचना र सस्तो बनावटका कारण ग्राहकहरूको आकर्षणमा कमी आएको छ।

त्यस्तै, जनकपुरको बजारको व्यावासिक प्रवृत्तिमा परिवर्तनको आवश्यकता छ। धेरै व्यवसायीहरूले परम्परागत व्यापार प्रणाली र पुराना प्रविधिहरूमा निर्भर गर्दै आएका छन्। यसको परिणामस्वरूप, प्रतिस्पर्धात्मक बजारमा स्थानीय व्यवसायीहरूको स्थिति कमजोर भएको छ। अनलाइन व्यापारको वृद्धि र आधुनिक व्यापारिक दृष्टिकोणको अभावले जनकपुरको बजारमा व्यापारको विकासलाई रोकिरहेको छ। डिजिटल प्लेटफर्म र ई-कमर्सको सहारा नलिएका व्यवसायीहरू अहिले बजारमा पछि परेका छन्।

तैपनि, जनकपुरको बजारको सुधारको लागि उपायहरू अवलम्बन गर्न सकिन्छ। नगरपालिकाले बजारको संरचना र यातायात प्रणालीमा सुधार ल्याउन सक्छ। व्यापारिक स्थलहरूको लागि सुगम यातायात, सफा सडक, र राम्रो ढुवानी प्रणाली बनाइदा व्यापारिक प्रवृत्तिमा सकारात्मक प्रभाव पर्न सक्छ। यसका साथै, व्यवसायीहरूलाई आधुनिक व्यापार प्रविधिमा तालिम दिने र डिजिटल व्यापारको महत्व बुझाउने कार्यहरू गर्नाले बजारको स्थितिमा सुधार ल्याउन सकिन्छ। यदि यी सुधारहरू कार्यान्वयन गरिए भने, जनकपुरको बजार पुनः आर्थिक वृद्धिको मार्गमा अग्रसर हुन सक्छ।

# नेपालको सेयर बजार: सम्भावना र चुनौती



**लेखक: मुकेस साह**
**जनकपुर -१**

नेपालको सेयर बजार पछिल्लो केहि वर्षमा तीव्र परिवर्तनको दौरमा रहेको छ। यसले नेपालका लगानीकर्ताहरूलाई विविध अवसरहरू प्रदान गरेको छ भने, बजारको अस्थिरता र जोखिमले केही चुनौतीहरू पनि निम्त्याएको छ। नेपाल स्टक एक्सचेन्ज (ल्भ्एक्भ) को वृद्धि र घटबढले अर्थतन्त्रको समग्र स्वास्थ्यमा प्रभाव पार्ने गर्दछ। नेपालका सेयर बजारमा नयाँ लगानीकर्ताहरूको बढ्दो सहभागिता र पूँजीको वृद्धि देख्न सकिन्छ, जसले यो क्षेत्रलाई अझ आकर्षक बनाएको छ। तथापि, बजारमा हुने उतारचढाव र सट्टेबाजीको प्रवृत्तिले दीर्घकालीन लगानीका लागि चिन्ता पैदा गरेको छ।

नेपालको सेयर बजारमा पारदर्शिता र सूचना प्रवाहको अभाव एक प्रमुख समस्या बनिरहेको छ। धेरै कम्पनीहरूले मुनाफा र वित्तीय स्थितिका बारेमा पर्याप्त र स्पष्ट जानकारी प्रदान गर्दैनन्, जसले लगानीकर्ताहरूलाई भ्रमित बनाउँछ। यसैले, लगानीकर्ताहरूलाई राम्रो निर्णय लिन कठिनाइ हुन्छ। त्यस्तै, नियामक संस्थाहरू र बजार नियमनमा सुधारको आवश्यकता छ ताकि सूचना साँचो र सही समयमा उपलब्ध होस्। जब सम्म सेयर बजारमा पारदर्शिता र खुलापनको स्तर वृद्धि हुँदैन, तबसम्म यसमा लगानी गर्न जोखिम रहन्छ।

अर्को चुनौती भनेको नेपालको सेयर बजारको अस्थिरता हो। सेयर बजारमा धेरै साना र मध्यम आकारका लगानीकर्ताहरूको सहभागिता छ, जसका कारण बजारमा भ्रामक उतारचढाव देखिन्छ। सस्तो र महँगो मूल्यहरूको विचलनले लगानीकर्ताहरूलाई सन्देहमा पार्छ र सेयर बजारलाई अस्थिर बनाउँछ। यसका साथै, सट्टेबाजीको बढ्दो प्रवृत्तिले बजारलाई जोखिमपूर्ण बनाइरहेको छ। दीर्घकालीन स्थिरताका लागि, लगानीकर्ताहरूलाई जिम्मेवार र विचारशील बनाउने प्रयास गर्नुपर्छ र बजारमा सट्टेबाजीको प्रवृत्ति कम गर्नुपर्ने आवश्यकता छ।

यद्यपि, नेपालका सेयर बजारमा समृद्धि र विकासको ठूलो सम्भावना रहेको छ। यदि सरकारले उपयुक्त नीतिहरू लागू गरेर पारदर्शिता र नियमनलाई बलियो बनाउँछ भने, सेयर बजार आर्थिक विकासका लागि महत्वपूर्ण कारक बन्न सक्छ। नेपाली युवाहरू र नयाँ लगानीकर्ताहरूको बढ्दो चासो र सहभागिताले यस बजारलाई प्रगति गर्ने अवसर प्रदान गरेको छ। यसले देशको पूँजी बजारलाई बलियो बनाउँदै, दीर्घकालीन समृद्धिमा योगदान पुर्याउन सक्छ।

# अपराध र ठगी गर्नेलाई सरकारले छाड्दैन : प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले कानुन विपरीत काम र अपराध गर्नेलाई सरकारले नछाड्ने स्पष्ट गर्नुभएको छ ।

नेकपा (एमाले) काठमाडौँ उपत्यकाका तीन जिल्ला कमिटीले शुक्रबार दरबारमार्गमा आयोजना गरेको जागरणसभालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले स्थिरता र सुशासनका लागि सोच, विचार गरेरै एमाले र नेपाली कांग्रेस मिलेर सरकार बनाएकाले सरकार त्यस्ता गलत कार्यलाई नियन्त्रण गर्न सक्षम रहेको बताउनुभयो ।

आफूहरुविरुद्ध अनेक हल्ला चलाइए पनि एमाले भ्रमको पछि नदौड्ने उल्लेख गर्दै अध्यक्ष ओलीले कागले कान लग्यो भन्दैमा आकाशतर्फ हेरेर कागका पछिपछि दौडन आवश्यक नरहेको बताउनुभयो ।

"आफैँ सहकारी ठगी गर्ने अनि अरूलाई दोष लगाउने, मुख छाड्ने, गाली गर्ने जस्ता काम भएका छन् । यस्ता कुनै पनि प्रकारका ठगी सैह्य हुँदैन । नेपाली जनता आफ्नो संस्कृतिको इतिहास र गौरवलाई कायम गर्दै 'समृद्ध नेपाल सुखी नेपाली'को सङ्कल्पलाई पूरा गर्न अघि बढ्नेछन् ।

नेपाली जनता भ्रममा पर्दैनन्", प्रधानमन्त्री ओलीले भन्नुभयो, "अलोकतान्त्रिक बाटोबाट अराजकता सिर्जना गरेर समाजलाई भाँड्न खोज्नेहरुले सार्वभौम जनताको भविष्यलाई सङ्कटमा पार्ने प्रयास गरिरहेका छन् । यसमा हामी सचेत रहनुपर्छ । हाम्रा लागि देश र जनता प्रमुख कुरा हुन् । त्यसमा हामी दृढ तथा एकताबद्ध भएर लाग्नुपर्छ ।"

प्रधानमन्त्री ओलीले आफ्ना सन्तानलाई अकुत सम्पत्ति थुपारेर अर्बौं रुपैयाँका मालिक बनेकाहरूले आफ्नाविरुद्ध आरोप लगाउँदै हिँडेका स्पष्ट पार्दै आफूमाथि भ्रष्टाचारको औँला ठड्याउनेलाई बहसमा आउन चुनौती दिनुभयो ।

अहिलेको समीकरण र सरकारलाई कसैले हल्लाउन नसक्ने उल्लेख गर्दै प्रधानमन्त्री ओलीले अहिलेको सरकार समाज र समुदायबीच अनेक खालका विद्वेष फैलाउने कार्यलाई निरुत्साहित गर्न लाग्ने बताउनुभयो । बैंकको ऋण तिर्नुपर्दैन भन्नेहरुले देशको अर्थतन्त्रलाई ध्वस्त बनाउने उल्लेख गर्दै उहाँले उद्योगबाट बिलबमोजिम बक्यौता नउठाउने तर बिजुलीको लाइन काट्ने काम पनि देशको अर्थतन्त्र ध्वस्त पार्न खोज्ने शक्तिले गरेको दाबी गर्नुभयो ।रासस

## मन्त्रिपरिषद् निर्णय :

# 'उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग' मा सदस्य थप

काठमाण्डु । सरकारले पूर्वसचिव रामेश्वरप्रसाद खनालको अध्यक्षतामा गठित 'उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग' मा निजी क्षेत्रबाट सदस्य थप गरेको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रलायले शुक्रबार आयोजना गरेको पत्रकार सम्मेलनमा मन्त्रिपरिषद्ले गरेका निर्णय सार्वजनिक गर्दै सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङले निजी क्षेत्रबाट चन्द्रप्रसाद ढकाल (अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घ) राजेशकुमार अग्रवाल (अध्यक्ष, नेपाल उद्योग परिसङ्घ) र कमलेशकुमार अग्रवाल (अध्यक्ष, नेपाल चेम्बर अफ कमर्श) सदस्य थप गरिएको जानकारी दिनुभयो ।

त्यसैगी सरकारले फिलिपिन्सको मनिलामा यही मङ्सिर २५ देखि २७ गतेसम्म आयोजना हुने दिगो यातायातसम्बन्धी छलफल कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकारीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने भएको छ ।

"चालु आर्थिक वर्षको मङ्सिरमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट निष्कासन हुने रु दुई अर्बको नागरिक बचतपत्रको अवधि पाँच वर्ष र ब्याजदर सात दशमलव पाँच प्रतिशत तोक्ने साथै, सोही कार्यालयबाट निष्कासन हुने रु ५० करोडको वैदेशिक रोजगार बचतपत्रको अवधि पाँच वर्ष र ब्याजदर आठ दमलव पाँच प्रतिशत तोक्ने मन्त्रिपरिषद्को निर्णय रहेको छ", सरकारका प्रवक्ता गुरुङले भन्नुभयो ।

मन्त्रिपरिषद्ले स्वीट्जरल्याण्ड सरकारबाट सुरक्षित आप्रवासन (सामी) चौथो चरण कार्यक्रमका लागि प्राप्त हुने



स्वीस प्रयाङ्क ११ दशमलव ३४ मिलियन (करिब रु एक अर्ब ७६ करोड ९७ लाख) अनुदान सहायता स्वीकार गर्ने र आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (२) र उपदफा (३) बमोजिमको भन्सार महसुल छुटसम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट गर्ने निर्णय पनि गरेको छ ।

वन ऐन, २०७६ को दफा ४५ बमोजिमको वन विकास कोषबाट व्यहोर्नुपर्ने दायित्व सृजना भएका बखत अर्थ मन्त्रालयले स्रोत व्यवस्था गर्नेगरी नेपाल सरकारद्वारा सञ्चालित आयोजनाले आव २०८१/८२ मा वन विकास कोषमा रकम जम्मा गर्नु नपर्ने गरी स्रोत सुनिश्चितता प्रदान गर्ने निर्णय भएको मन्त्री गुरुङले जानकारी दिनुभयो ।

यही मङ्सिर १३ गते काठमाडौँमा हुने सीमा व्यापार तथा निगमका लागि नेपाल चीन समन्वय संयन्त्रको दोस्रो बैठकको वार्ता तथा छलफलको कार्यसूची स्वीकृत गर्ने, प्रहरी नायब महानिरीक्षकहरू बुद्धीराज गुरुङ र केदार ढकाललाई प्रहरी अतिरिक्त महानिरीक्षकमा बढुवा गरी क्रमशः कार्य विभाग र प्रदेश समन्वय विभागमा पदस्थापन गर्ने र डा लवदेव अवस्थी, गोपीनाथ मैनाली, उमेशराज जोशी, सुरेन्द्रकुमार झा, प्रा योगेन्द्र गुरुङ र शर्मिला कार्कीलाई विभूषण समितिको सदस्य तोक्ने मन्त्रिपरिषद्को निर्णय छ ।

यसैगरी, सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुख नियुक्तिको सिफारिसका लागि गृह मन्त्रालयका सचिव गोकर्णमणि दुवाडीको संयोजकत्वमा पूर्वसचिव दीपक सुवेदी र सहप्राध्यापक डा रेश्मा श्रेष्ठ रहेको सिफारिस समिति गठन गर्ने भएको छ ।

बुद्धभूमि नपा-२ कपिलवस्तु निवासी पूर्णबहादुर नेपालीलाई प्रजातान्त्रिक समाजवादी गणतन्त्र श्रीलङ्काका लागि नेपालको आवासीय राजदूत पदमा नियुक्तिका लागि सिफारिस गर्ने र धरान-केराबारी लेटाङ-मधुमल्ला सडक निर्माणका लागि झापा, सुनसरी र मोरङमा रहेको राष्ट्रिय वनको ३६ दशमलव ३२३ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने पनि निर्णय भएको मन्त्री गुरुङले जानकारी दिनुभयो ।

"प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को उपाध्यक्ष पदमा ओमप्रसाद बराललाई मनोनयन गर्ने, राष्ट्रिय सूचना आयोगको प्रमुख सूचना आयुक्तमा डा सुरेशप्रसाद आचार्य तथा सूचना आयुक्तमा क्रमशः गगन विष्ट र दुर्गा भण्डारी पौडेललाई नियुक्त गर्ने, विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१ बमोजिम धरहरा सञ्चालन नहुँदासम्म अन्तरिम रूपमा हाललाई यसैसाथ संलग्न अनुसूचीमा प्रस्ताव गरेबमोजिमको शुल्क लिई २०८१ मङ्सिर ९ गतेदेखि धरहरा सञ्चालन गर्न स्वीकृति दिने निर्णय भएको छ", मन्त्री गुरुङले भन्नुभयो ।

सरकारले नेपाल स्वास्थ्य सेवा ऐनलाई संशोधन र एकीकरण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने र यही मङ्सिर १९ देखि २० गतेसम्म इन्डोनेसियाको बालीमा सञ्चालन हुने गभिज डिसेम्बर २४ को बोर्ड बैठकमा नेपाल सरकारलाई थप आर्थिक व्ययभार नपर्नेगरी स्वास्थ्य तथा जनसर्‍यामन्त्री प्रदीप पौडेललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने पनि निर्णय गरेको छ ।

त्यसैगरी राष्ट्रिय योजना आयोगमा विशेष अधिकृत (राजपत्राङ्कित विशिष्ट श्रेणी, मुख्यसचिव सरह) पदमा कार्यरत डा बैकुण्ठ अर्यालले पेस गर्नुभएको स्वेच्छिक अवकाश स्वीकृत गर्ने र सहरी विकास मन्त्रालयसम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयनसम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०८१ स्वीकृत गर्ने मन्त्रिपरिषद्को निर्णय छ ।रासस

# नेपाललाई विपद् तथा जलवायु परिवर्तन उत्थानशील राष्ट्र बनाउनुपर्नेमा जोड

काठमाण्डु । विपद्को पूर्वसूचना प्रणालीमा नेपालको अवस्था राम्रो भए पनि राज्यका जिम्मेवार निकायदेखि समुदायस्तरमा अझै त्यसप्रति गम्भीर ध्यानाकर्षण हुन नसक्दा ठूलो जनधनको क्षति हुने गरेको सरोकारवालाहरुले बताएका छन् । प्रकोप पूर्वतयारी सञ्जाल नेपाल (डिपिनेट) को १६औं वार्षिक साधारणसभा तथा मनसुन समीक्षा कार्यक्रमका अवसरमा नेपाललाई विपद् तथा जलवायु परिवर्तन उत्थानशील राष्ट्र बनाउनुपर्नेमा उहाँहरुको जोड थियो ।

सो अवसरमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण प्राधिकरणका कार्यकारी प्रमुख अनील पोखरेलले अजरवैजानको बाकुमा जारी जलवायु सम्मेलनमा गत असोज दोस्रो साता आएको बाढी पहिरो जलवायु परिवर्तनको कारण सिर्जित समस्या भएकाले यसलाई हानि नोक्सानीका रुपमा लिनुपर्ने नेपालको मागलाई विश्व समुदायले स्वीकार गरेको जानकारी दिनुभयो । उहाँले पूर्वसूचनासँगै स्थानीयस्तरसम्म पूर्वतयारीका कार्यहरु हुन जरुरी रहेको बताउनुभयो ।





डिपिनेटका पूर्वअध्यक्ष सूर्यबहादुर थापाले विपद्सम्बन्धी ऐन, कानुन, कार्ययोजना बनाउँदैमा नहुने हुँदा त्यसको पूर्ण कार्यान्वयनमा सरकार, निजी क्षेत्र र आम समुदायबीच सहकार्य र समन्वयको खाँचो औँल्याउनुभयो । सशस्त्र प्रहरी बलका पूर्वमहानिरीक्षक सनत बस्नेतले द्वन्द्वको समयमा शान्ति सुरक्षार्थ गठन गरिएको बललाई पछि विपद् व्यवस्थापनमा बढी केन्द्रित गरिएको र अन्य देशहरुमा पनि नेपाललको अभ्यास उदाहरणीय रहेको उल्लेख गर्नुभयो ।

सो अवसरमा राष्ट्रिय समाचार समितिका आलेख प्रमुख कृष्ण अधिकारीले राससले देशभर भएका विपद्का घटना, उद्धार, राहतका समाचारहरुलाई उच्च महत्वका साथ सम्प्रेषण गरी जनतालाई सुरक्षित रहन तथा जिम्मेवार निकायहरुलाई राहत, उद्धार र पुनःस्थापनाका कार्यमा सहयोग पुऱ्याएको बताउँदै यस वर्षको मनसुनका घटनाहरुसम्बन्धी विभिन्न तस्बिर तथा भिडियो प्रस्तुत गर्नुभएको थियो । डिपिनेटका प्राविधिक सल्लाहकार रामप्रसाद भण्डारीले विभिन्न सञ्चारमाध्यमहरुमा प्रकाशित भएका यस वर्षको मनसुनसँग सम्बन्धित समाचारहरुको विश्लेषण गर्नुभएको थियो । जल तथा मौसम विज्ञान विभागका मौसमविद् गोविन्दकुमार झाले पनि विभागले पूर्वसूचना दिँदा दिँदै पनि त्यसको बेवास्ता गरिंदा विपद्बाट ठूलो जनधनको क्षति भएको बताउनुभयो ।

डिपिनेटका अध्यक्ष डा राजु थापाले विपद् व्यवस्थापनमा संलग्न सरकारी, गैरसरकारी सङ्घसंस्था एवं प्राज्ञिक निकायहरुसँगको सहकार्यमा अध्ययन, अनुसन्धानका कार्यहरु गर्दै आएको बताउनुभयो । महासचिव सुरज गौतमले संस्थाले वर्षभरि गरेका क्रियाकलापहरुका बारेमा प्रस्तुतीकरण दिनुभएको थियो ।

अक्सफामका राष्ट्रिय प्रतिनिधि तृप्ती राईलगायतले पनि विपद् व्यवस्थापनमा सामूहिक प्रयासको खाँचो औँल्याउनुभयो । कार्यक्रममा गत असोज ११ गते काठमाडौँको नख्खुखोलामा आएको बाढीमा परी ज्यान जोखिममा परेका दुई सर्वसाधारणको जीवितै उद्धार गर्नुभएका छनिकलाल तामाङलाई रु १० हजार नगदसहित सम्मानपत्र प्रदान गरिएको थियो ।रासस

# कृषि विकास बैंकले किसानलाई केन्द्रमा राखेर काम गर्नुपर्छ : उपप्रधानमन्त्री सिंह

काठमाण्डु । उप-प्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले मुलुकको आर्थिक विकासमा कृषि विकास बैंकको अहम् भूमिका रहेको बताउदै किसानलाई केन्द्रमा राखेर काम गर्न सुझाव दिनुभएको छ ।

कृषि विकास बैंकको केन्द्रिय कार्यालयस्थित नेपाल वित्तीय संस्था कर्मचारी सङ्घले शुक्रबार आयोजना गरेको 'वित्तीय सन्देश स्मारिकाको १५औँ अङ्क' विमोचन समारोहमा बोल्दै मन्त्री सिहंले कृषि विकास बैंकको महत्वबारे आफ्नो धारणा राख्नुभएको थियो ।

उहाँले कृषि विकास बैंक निजी क्षेत्रका बैंक भन्दा फरक र अहम् भूमिकामा रहेको उल्लेख गर्नुभयो । यस बैंकले किसानको घर दैलोसम्म पुगेर सेवा प्रदान गर्ने दायित्व रहेकाले अरु बैंकको भन्दाबढी जिम्मेवारी रहेको बताउनुभयो ।

बैंकमा भएको कर्मचारीका समस्याबारे समाधान निकालेर सेवामा सकारात्मक भाव पैदा गर्न उहाँले सुझाव दिनुभयो । "कृषि विकास बैंकले जनताको सेवामा निरन्तर योगदान दिँदैआएको छ", उहाँले भन्नुभयो, "सेवामा खटिने कर्मचारीको समस्या सुल्झाएर बैंक बलियो बनाउन तर्फ लाग्नुपर्छ ।"





नेपाल वित्तीय संस्था कर्मचारी सङ्घका अध्यक्ष रामबहादुर रावलले आन्दोलन पश्चात कर्मचारीका सामाजिक सुरक्षा लगायतका माग पूरा गर्ने बोर्ड समितिसँग सहमति भएको तर ती माग अर्थमन्त्रालयमा रोकिएकोले तुरुन्तै समाधान गर्न आग्रह गर्नुभयो ।

कृषि विकास बैंकका प्रमुख कार्यकारी अधिकृत (सीइओ) गोविन्द गुरुङले कुनै पनि संस्थाको जनशक्ति उत्साहजनक नभए त्यसको प्रभाव संस्थाको सेवामा पर्ने हुँदा उक्त मागबारे सुनुवाइ गरिनुपर्ने बताउनुभयो ।रासस

# स्वास्थ्य सेवा ऐन ल्याउने तयारी

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तीनै तहमा समायोजन भएका स्वास्थ्य सेवाका कर्मचारीको समस्या सम्बोधन गर्ने उद्देश्यकासाथ स्वास्थ्य सेवा ऐन ल्याउने तयारी गरेको छ ।

बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले सङ्घीयताअनुरुपको स्वास्थ्य सेवा ऐन अघि बढाउन सैद्धान्तिक स्वीकृति प्रदान गरेको छ । हालसम्म नेपाल स्वास्थ्य सेवा ऐन २०५३ नै अस्तित्वमा रहेकामा यसले सङ्घीयताअनुरुप कर्मचारीको व्यवस्थापन गर्न नसकेको भन्दै स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले ऐन ल्याउनका लागि प्रक्रिया अघि बढाउने उद्देश्यका साथ मन्त्रिपरिषद बैठकमा प्रस्ताव लानुभएको थियो ।

सङ्घीयताअनुरूपको नयाँ ऐन नआउँदा समायोजन भएका कर्मचारीको वृत्ति विकासमा समस्या देखिएको छ । मन्त्रालयले तीनै तहका कर्मचारीबीच अन्तरसम्बन्ध कायम गर्ने तथा स्वास्थ्य सेवामा रहने पदबारे आवश्यक व्यवस्था गर्ने गरी नयाँ ऐनको प्रस्ताव गर्नेछ ।रासस

# 'निर्वाचन प्रचारमा १० भन्दाबढी झण्डा र चुनाव चिह्न प्रयोग नगर्नु'

काठमाण्डु । निर्वाचन आयोगले निर्वाचन प्रचारप्रसारका क्रममा १० वटाभन्दा बढी झण्डा र चुनाव चिह्न प्रयोग नगर्न निर्देशन दिएको छ ।

उपनिर्वाचनको प्रचारप्रसारका क्रममा आचारसंहिताविपरीतका छिटपुट घटना भएकाप्रति ध्यानाकर्षण भएको जनाउँदै आयोगले झण्डा र प्रचारप्रसारका सामग्री, पर्चा, साइनबोर्डको आकार, साइज, रङ तोकेकोभन्दा फरक नपार्न निर्देशन दिएको हो । प्रचारप्रसार गर्ने उद्देश्यले कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइनबोर्ड राख्न तथा श्रव्यसामग्री बजाउन र श्रव्यदृश्य सामग्री प्रदर्शन नगर्न पनि आयोगले सूचित गराएको छ ।

आचारसंहिता उल्लङ्घन भए/गरेमा तत्कालै कारबाही गर्न निर्वाचन अधिकृत वा अनुगमनकर्ता र स्थानीय प्रशासनलाई निर्देशन दिइएको आयोगका प्रवक्ता नीता पोखरेल अर्यालले जानकारी दिनुभयो ।यही मङ्सिर १६ गते आइतवार हुने उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गर्न यही मङ्सिर २ गतेदेखि निर्वाचन सम्पन्न नभएसम्मका लागि निर्वाचन आचारसंहिता लागू भइसकेको छ । उक्त आचारसंहिताको प्रभावकारी कार्यान्वयन लागि आयोगले विभिन्न संयन्त्र परिचालित गरेको छ ।

**मतपत्रका नमुना सार्वजनिक**

आयोगले स्थानीय तह उपनिर्वाचनका लागि आवश्यकपर्ने मतपत्रका नमुना सार्वजनिक गरेको छ ।रासस

# प्रधानमन्त्री ओलीसँग भारतीय सेनाध्यक्ष द्विवेदीको भेट

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीसँग नेपाल भ्रमणमा रहनुभएका भारतीय स्थल सेनाध्यक्ष उपेन्द्र द्विवेदीले शुक्रबार शिष्टाचार भेट गर्नुभएको छ ।



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा भएको भेटमा प्रधानमन्त्री ओलीले नेपाल र भारतका सेनापतिबीच मानार्थ महारथीको आदानप्रदानको मौलिक परम्पराको निरन्तरता भएकामा खुसी व्यक्त गर्नुभयो । उहाँले दुई मुलुकबीचको सहकार्य र सम्बन्धलाई थप विस्तार गर्नुपर्नेमा जोड दिनुभयो ।

सेनाध्यक्ष द्विवेदीले नेपाली सेनाको मानार्थ सेनापति हुन पाउँदा गर्वको महसुस गर्दै आफूलाई भाग्यमानी ठानेको बताउँदै दुई देशको सम्बन्धलाई थप विस्तारमा आफूले सक्दो भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो ।

भेटका अवसरमा प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तव, परराष्ट्र मन्त्रालयका सहसचिव भृगु ढुङ्गाना, नेपाली सेनाका उपरथी मधुकर कार्कीलगायत सहभागी हुनुहुन्थ्यो । स्थल सेनाध्यक्ष द्विवेदीले बिहीबार राष्ट्रपति रामचन्द्र पौडेलबाट नेपाली सेनाको मानार्थ महारथीको दर्ज्यानी चिन्ह ग्रहण गर्नुभएको थियो ।रासस

# कांग्रेसद्वारा मुलुकको आर्थिक अवस्थाबारे सरोकार भएकाहरूबाट सुझाव सङ्कलन

काठमाण्डु । नेपाली कांग्रेसले अर्थतन्त्रका जानकारहरूसँग 'मुलुकको विद्यमान आर्थिक अवस्था र सुधारका उपायहरूबारे' सुझाव सङ्कलन गरेको छ ।

कांग्रेस संसदीय दलले शुक्रबार छलफल कार्यक्रम आयोजना गरी पूर्वअर्थमन्त्री, पूर्वअर्थराज्यमन्त्री, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष, नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर, उद्योग वाणिज्य महासङ्घ, नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग परिसङ्घ, निर्माण व्यवसायी महासङ्घलगायत निजी क्षेत्रका संस्थाका प्रमुख तथा प्रतिनिधि र अर्थ विज्ञहरूसँग छलफल गरेको हो ।कार्यक्रममा प्राप्त सुझावहरूलाई कांग्रेस संसदीय दलको आगामी बैठकबाट



पारित गरी सोको कार्यान्वयनका लागि नेपाल सरकारलाई सुझावसहित अनुरोध गरिने दलका प्रमुख सचेतक श्यामकुमार घिमिरेले जानकारी दिनुभयो ।

कांग्रेस सभापति एवं संसदीय दलका नेता शेरबहादुर देउवाको प्रमुख आतिथ्यतामा नयाँबानेश्वरस्थित सङ्घीय संसद् भवनमा भएको कार्यक्रममा कांग्रेस राष्ट्रियसभा संसदीय दलका नेता कृष्णप्रसाद सिटौला, उपसभापति धनराज गुरुङ, महामन्त्री गगनकुमार थापा, गृहमन्त्री रमेश लेखक, परराष्ट्रमन्त्री डा आरजु राणा देउवा, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, प्रतिनिधिसभा र राष्ट्रियसभाका प्रमुख सचेतक तथा सचेतक, कांग्रेस केन्द्रीय सदस्य एवं उद्योग व्यवसायीको उपस्थिति रहेको थियो ।रासस

# रुसद्वारा 'नयाँ क्षेप्यास्त्र' प्रहार, युक्रेनलाई अस्त्र दिने देशका सैन्य संरचना पनि नछोड्ने चेतावनी

बीबीसी

काठमाण्डु । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले आफ्नो सेनाले युक्रेनमा प्रहार गरेको अस्त्र अन्तरमहादेशीय बलिस्टिक मिसाइल (आईसीबीएम) नभएको दाबी गरेका छन्। उनका अनुसार रुसले युक्रेनको डिनिप्रो क्षेत्रमा बिहीवार बिहान "नयाँ परम्परागत मध्यम दूरीको क्षेप्यास्त्र" प्रहार गरेको हो।पुटिनका अनुसार युक्रेनले अमेरिका र यूकेले उपलब्ध गराएका हतियार प्रयोग गरेर आफ्नो भूमिमा आक्रमण गरेको जबाफ दिन रुसले 'ओरेश्निक' नामक क्षेप्यास्त्र प्रहार गरेको हो।



उनले युक्रेनलाई रुसी भूभागमा आक्रमण गर्न हतियार उपलब्ध गराउने देशहरूका सैन्य संरचनामा पनि रुसले आक्रमण गर्न सक्ने चेतावनी दिएका छन्। अमेरिका र यूकेले आफ्नो पुरानो नीतिमा परिवर्तन गर्दै यसै साता युक्रेनलाई अमेरिकी 'आर्मी ट्याक्टिकल मिसाइल सिस्टम' (एटीएसीएमएस) र यूकेको 'स्टोर्म श्याडो' क्षेप्यास्त्र प्रयोग गर्ने अनुमति दिएका थिए। युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रुसले नयाँ क्षेस्यास्त्र प्रहार गर्नु "अझ युद्ध चर्काउने" कदम भएको बताएका छन्।

"रुसलाई शान्तिमा कुनै रुचि छैन भन्ने यो अर्को प्रमाण हो," उनले सामाजिक सञ्जाल 'एक्स'मा भनेका छन्।"पुटिनले युद्ध लम्ब्याइरहेको मात्रै हैनन्, उनले वास्तवमै शान्ति चाहने विश्वका मानिसहरूका मुखमा थुकिरहेका पनि छन्।"यसअघि जेलेन्स्कीले रुसी क्षेप्यास्त्रमा आईसीबीएमको विशेषता रहेको बताएका थिए। तर यसमा पश्चिमा अधिकारीहरूले संशय व्यक्त गरेका थिए।

**'क्षेप्यास्त्रको परीक्षण'**

अमेरिकी न्याश्नल सेक्युरिटी काउन्सिलले पनि "युक्रेनविरुद्ध परीक्षणकालीन मध्यम दूरीको क्षेप्यास्त्र" प्रहार भएको जनाएको छ। अमेरिकी निकायले रुससँग यस्ता हतियार "औँलामा गन्न सकिने सङ्ख्यामा मात्रै" रहेको र यसले युद्धमा ठूलो भिन्नता नल्याउने बताएको छापेन्टागनकी प्रेस अधिकारी सब्रिना सिंहले यस्तो क्षेप्यास्त्र प्रहार गर्नुभन्दा केही समयअघि अमेरिकालाई यसबारे सूचित गरिएको बताएकी थिइन्।

पुटिनले "परीक्षण" सफल भएको र बलिस्टिक क्षेप्यास्त्रको गैरआणविक हाइपरसोनिक संस्करण"ले "लक्ष्यभेदन गरेको" बताए। "अमेरिकी र ब्रिटिश लामो दूरीका अस्त्रको प्रयोगको प्रतिक्रियामा रुसी सशस्त्र फौजहरूले युक्रेनका सैन्य औद्योगिक भवनहरू भएको क्षेत्रमा संयुक्त हमला गरेका छन्," पुटिनले भने। उनका अनुसार उक्त क्षेप्यास्त्रले एक सेकेन्डमा झन्डै तीन किलोमिटर दूरी पार गर्ने उक्त क्षेप्यास्त्रलाई निस्तेज बनाउने कुनै उपाय छैन।

उनले पश्चिमा देशहरूमा पनि रुसले जबाफ दिनेमा "शङ्का नगर्न" चेतावनी दिए।यूकेस्थित एक सैन्य थिङ्क-ट्याङ्कका निर्देशक म्याथ्यू साभिलले प्राप्त जानकारीका आधारमा बिहीवार प्रहार गरिएको अस्त्र यसअघि रुसले प्रयोग गरेको ५०० किलोमिटर दूरीमा प्रहार गर्न सक्ने 'स्कान्डर्स' भन्दा लामो दूरीमा मार हान्ने क्षमताको भएको बताए।पुटिनले भने जस्ता मध्यम दूरीका बलिस्टिक क्षेप्यास्त्रले ३,००० देखि ५,५०० किलोमिटर टाढासम्मको दूरीमा प्रहार गर्न सक्छन्।

**रुस-युक्रेन युद्ध सुरु भएको १,000 दिन पूरा**

रुस र युक्रेनबीच युद्ध भएको मङ्गलवार १,००० दिन पूरा भयो। त्यसलगत्तै पुटिनले गरेको घोषणाले युद्ध अझै खतरनाक र नयाँ चरणमा प्रवेश गर्ने सङ्केत गरेको छ।

रुसले आफ्नो दक्षिण पश्चिमी छिमेकीमाथि सन् २०२२ को फेब्रुअरीमा पूर्णस्तरको आक्रमण गरेको थियो।आगामी ज्यानुअरी महिनामा अमेरिकाको सत्ताबाट बाहिरिन लागेका राष्ट्रपति जो बाइडनले अमेरिकाले यसअघि युक्रेनलाई उपलब्ध गराएको एटीएसीएमएस प्रयोग गर्न गत आइतवार किएभलाई अनुमति दिएका थिए।

त्यसको दुई दिनपछि उक्त क्षेप्यास्त्र रुसको ब्रियान्स्क क्षेत्रमा प्रहार गरिएको थियो। यूकेले उपलब्ध गराएका स्टोर्म श्याडो क्षेप्यास्त्र युक्रेनले बुधवार रुसी निसानामा प्रहार गरेको विवरण आएको थियो। रुसले उत्तर कोरियाली सैनिकहरू युद्धमा खटाएपछि पश्चिमा देशहरूले प्रतिक्रियास्वरूप आफूले युक्रेनलाई उपलब्ध गराएका अस्त्रहरू रुसी भूभागभित्र प्रहार गर्न अनुमति दिएका थिए।

अमेरिकी राष्ट्रपतिमा डोनल्ड ट्रम्प फर्कने तयारी गरिरहँदा पश्चिमा देशहरूले हतियार प्रयोगबारे पुरानो नीति परिवर्तन गरेका थिए।ट्रम्पले युक्रेन र रुसबीच जारी युद्धमा अमेरिकी संलग्नतालाई निरन्तरता नदिने र आफू पदमा आएको २४ घण्टाभित्र युद्ध अन्त्य गर्ने वाचा गरेका छन्। रुसले परमाणुअस्त्रसम्बन्धी आफ्नो मार्गदर्शक सिद्धान्त संशोधन गर्दै आफूमाथि अरू देशबाट आक्रमण हुँदा परमाणुअस्त्र प्रयोग गर्ने बाटो खोलेको छ।

अमेरिकाले युक्रेनलाई आफूले उपलब्ध गराएका लामो दूरीका क्षेप्यास्त्र प्रयोग गर्न अनुमति दिएको भोलिपल्ट तथा युक्रेन युद्ध सुरु भएको १,००० दिन पुगेकै दिन पुटिनले उक्त सिद्धान्तमा गरिएका परिवर्तनहरूलाई मङ्गलवार अनुमोदन गरे।अब रुसले परमाणुशक्ति भएको अरू राष्ट्रको समर्थन लिएको देशले आफूमाथि हमला गरे त्यसलाई संयुक्त आक्रमण मान्ने छ अनि आफूमाथि परम्परागत क्षेप्यास्त्र, ड्रोन वा विमान प्रयोग गरी हुने ठूलो आक्रमणको जबाफ परमाणुअस्त्र प्रयोग गरेर दिन सक्छ।

# 'मेरो गोल, लैङ्गिक हिङ्सविरुद्धको बोल' नारासहित हलेसीमा महिला फुटबल प्रतियोगिता



खोटाङ । हलेसी तुवाचुङ नगरपालिकाले आयोजना गरेको खुला महिला फुटबल प्रतियोगितामा १७ टोली सहभागी हुने भएका छन् । लैङ्गिक हिङ्सविरुद्धको १६ दिने अभियानको अवसर पारेर नगरपालिकाले आयोजना गरेको महिला फुटबल प्रतियोगितामा सहभागी हुन विभिन्न जिल्लाका १७ टोलीले नाम दर्ता गरेका हुन् ।

'मेरो गोल, लैङ्गिक हिंसाविरुद्धको बोल' भन्ने नार ासहित नगरपालिकाले आयोजना गरेको महिला फुटबल प्रतियोगिताको पुरस्कार राशि रु एक लाख १० हजार एक सय ११ छ । जिल्लामा यसअघि आयोजना गरिएको महिला फुटबल प्रतियोगिताको पुरस्कार राशिभन्दा हलेसीमा आयोजना गरिएको प्रतियोगिताको पुरस्कार राशि सर्वाधिक हो ।

प्रतियोगिताका लागि जिल्लाका विभिन्न स्थानीयमा दर्ता भएका स्पोर्टस् क्लबका साथै छिमेकी जिल्ला ओखलढुङ्गा र भोजपुरका विभिन्न क्लबमा आबद्ध खेलाडीले नाम दर्ता गराएको नगरपालिकाका खेल प्रशिक्षक मिलन कसजुले जानकारी दिनुभयो । नगरपालिकाले पहिलोपटक आयोजना गरेको महिला फुटबल प्रतियोगिताको खेलतालिका आज सार्वजनिक गर्ने तयारी गरिएको छ ।

मङ्सिर ८ गते शनिबारदेखि औपचारिक रूपमा सुरु हुने फुटबल प्रतियोगिता त्रिधार्मिकस्थल हलेसीस्थित बसाहाथान खेलमैदानमा सञ्चालन गर्ने तयारी गरिएको छ । यही मङ्सिर १० गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेता टोलीले रु एक लाख १० हजार एक सय ११ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । उपविजेताले रु ५५ हजार पाँच सय ५५ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने जनाइएको छ ।

सेमिफाइनलिस्ट दुई समूहलाई जनही नगद रु २२ हजार दुई सय २२ सहित प्रमाणपत्र प्रदान गरिने नगरपालिकाले जनाएको छ । यस्तै, विद्यागततर्फ प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडीलाई नगद रु एक हजार पाँच सय ५५ तथा विद्यागततर्फकै अन्य खेलाडीलाई जनही रु एक हजार एक सय ११ का दरले नगद पुरस्कारको व्यवस्था गरिएको जनाइएको छ ।

अभियानका अवसरमा नगरपालिकाले महिला फुटबलसँगै महिला जनप्रतिनिधिका लागि म्युजिकल चियर प्रतियोगिता पनि आयोजना गरेको जनाइएको छ । दुवै प्रतियोगिता समापनका अवसरमा स्थानीय तथा राष्ट्रियस्तरका कलाकारको सहभागितामा विविध सांस्कृतिक कार्यक्रम आयोजना गर्ने तयारी गरिएको आयोजकले जनाएको छ ।रासस

# रूसद्वारा सेनाको बदलामा उत्तर कोरियालाई तेल,एन्टी-एयर मिसाइल र आर्थिक सहयोग प्रदान : अधिकारीहरू

एएफपी

सियोल । रूसले उत्तर कोरियालाई युक्रेन विरुद्ध मस्कोको युद्धलाई समर्थन गर्न पठाएको सेनाको बदलामा तेल, एन्टी-एयर मिसाइल का साथै आर्थिक सहयोग प्रदान गरेको सरकारी अधिकारीहरुले शुक्रबार जनाएका छन् ।



अमेरिका र दक्षिण कोरियाले उत्तरकारियाले रूसलाई युक्रेनसँग लड्न दश हजार भन्दा बढी सैनिकहरू पठाएको दावी गरेका छन् भने विज्ञहरूले किम जोङ उन्नत प्रविधि र बदलामा आफ्नो सेनाका लागि युद्धको अनुभव प्राप्त गर्न उत्सुक रहेको बताएका छन् ।

दक्षिण कोरियाका शीर्ष सुरक्षा सल्लाहकार शिन वोन-सिकले उत्तर कोरियाले सेना तैनातीको बदलामा आर्थिक सहयोगका साथै हवाई रक्षा प्रणालीलाई बलियो बनाउन आवाश्यक उपकरण, एन्टी-एयरक्राफ्ट मिसाइलहरू कोरियामा पठाइएको पुष्टि गर्नु भएको छ ।

पछिल्लो आठ महिनामा एक दर्जन भन्दा बढी उत्तर कोरियाली तेल ट्याङ्करहरूले रुसको बन्दरगाहमा रहेको तेल टर्मिनलमा ४३ पटक यात्रा गरेको स्याटेलाइट तस्बिरहरू साभार गर्दै बीबीसीले जनाएको छ ।बेलायती विदेश सचिव डेभिड लम्मीलाई उद्धृत गर्दै रिपोर्टले तेल हतियार र मिसायलले मस्को पठाएको सेनाको भुक्तानी लिएको जनाएको छ ।

उत्तर कोरियाली नेता किम र रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले गत जुनमा क्रेमलिन प्रमुखको भ्रमणको क्रममा रणनीतिक साझेदारी सन्धिमा हस्ताक्षर गरेका थिए।

यसले दुवै राज्यलाई अर्कोमाथि आक्रमण भएमा सैन्य सहायता प्रदान गर्न र पश्चिमी प्रतिबन्धहरूको विरोध गर्न अन्तर्राष्ट्रिय सहयोग गर्न बाटो खोलेको थियो ।

विश्लेषकहरूका अनुसार सैनिकहरूको बदलामा रूसले उत्तर कोरियालाई तेल र ग्यास जस्ता अन्य प्राकृतिक स्रोतहरूमा पनि पहुँच दिन सक्छ । उत्तर कोरियाली विदेश मन्त्री चो सोन हुईले हालै मस्कोको भ्रमण गरी आफ्नो देश "विजय दिवससम्म रुसी कमरेडहरूसँग दृढतापूर्वक उभिने बताउनु भएको थियो ।

# पाकिस्तानमा भएको हमलामा ४३ जनाको मृत्यु : अधिकारी

एएफपी

पेसावर । उत्तरपश्चिम पाकिस्तानमा भएको साम्प्रदायिक हमलामा ४३ जनाको मृत्यु भएको अधिकारीहरूले शुक्रबार बताएका छन् । अधिकारीहरुका अनुसार प्रभावित जिल्लामा कर्फ्यू लगाएको लगाई मोबाइल सेवासमेत बन्द गरेको बताएका छन् ।

अफगानिस्तान सीमा नजिकैको खैबर पख्तुनख्वा प्रान्तको कुर्रम जिल्लामा प्रहरी एस्कसँग यात्रा गरिरहेका शिया मुसलमानको दुईवटा छुट्टै समुहमा बन्दुकधारीले बिहीबार गोली हानेका थिए । लामो समय देखि यस क्षेत्रमा सुन्नी र शिया मुस्लिम जनजातिहरू बिच झडप भईरहेको छ । एक वरिष्ठ प्रशासनीक अधिकारी जावेद उल्ला महसुदले "कुर्रममा भएको हमलाको पुष्टि गर्नु भएको छ । उहाँका अनुसार पीडितहरू मध्ये सात जना महिला र तीन जना बालबालिकासमेत रहेका छन् भने आक्रमणमा १६ जना घाइते भएका छन् ।

एक वरिष्ठ प्रशासनिक अधिकारीले नाम नछाप्ने सर्तमा शुक्रबार जिल्लाभर मोबाइल सेवा बन्द गरिएको जनाउदै मुख्य सहर पाराचिनारमा स्थानीयले धरना तथा प्रदर्शन गर्दा स्थिति तनावपूर्ण" भएको बताउनु भएको छ । माथिल्लो र तल्लो कुर्रम जोड्ने मुख्य सडकमा कर्फ्यू लगाइएको तथा बजार र यातायात बन्द गरिएको अधिकारीले बताउनु भएको छ ।

हिंसाको पाकिस्तानी अधिकारी र मानव अधिकार समूहहरूले निन्दा गरेका छन् । पाकिस्तानको स्वतन्त्र मानव अधिकार आयोग (एचआरसीपी) ले विज्ञप्ति मार्फत घटनाले सरकारले नागरिकको सुरक्षा गर्न असफल भएको पुष्टि गरेको छ ।

# प्रत्येक महिना १०० नेपाली किन अरू देशबाट निष्काशनमा परेर घर फर्किन्छन्

बीबीसी

काठमाण्डु । संयुक्त राज्य अमेरिकामा डोनल्ड ट्रम्प राष्ट्रपति पदमा निर्वाचित भएपछि उनले निर्वाचनअघि आफूले घोषणा गरे झैँ गैरकानुनी आप्रवासीहरूलाई देशनिकाला गर्ने प्रक्रिया कसरी अगाडि बढाउलान् भन्ने चासो नेपालमा पनि देखिएको छाविगत चार वर्षको अवधिमा अमेरिकाबाट ११४ नेपाली नागरिकहरू निष्काशनमा परेर नेपाल फिर्ता भएका छन्। यो वर्ष विभिन्न देशबाट 'डिपोर्ट' भएका नेपालीको कुल सङ्ख्या १,१६२ पुगेको विभागले जनाएको छ।

अध्यागमन विभागका अनुसार सन् २०२४ मा अहिलेसम्म ३३ जनालाई अमेरिकाले त्यसरी नेपाल फर्काएको छ । तीमध्ये आठ जना एकै खेपमा नेपाल आएका थिए। विश्वका विभिन्न मुलुकबाट देशनिकालामा परेर फर्किने नेपालीहरूमा वैदेशिक रोजगारी र अध्ययनमा गएका युवादेखि प्रदेशका बहालवाला मन्त्रीसम्म छन् । केही साताअघि कोशी प्रदेशका कानुनमन्त्री लीलावल्लभ अधिकारीलाई जापानले विमानस्थलबाटै नेपाल फिर्ता पठाइदिएको थियो। उनीमाथि मानव तस्करीको अभियोगमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

अमेरिकाबाट डिपोर्ट हुने नेपालीहरूको संख्या विगतका वर्षमा बढेको नेपाल प्रहरीको मानव बेचबिखन तथा अनुसन्धान ब्यूरोको तथ्याङ्कले देखाउँछ।अमेरिकाबाट गत वर्ष २४ जना, सन् २०२२ मा २२ र २०२१ मा ३५ नेपाली निष्काशनमा परेका थिए। अध्यागमन विभागको तथ्याङ्कअनुसार औसतमा प्रत्येक दिन तीन जनाभन्दा धेरै र हरेक महिना १०० जनाको हाराहारीमा नेपालीहरू विभिन्न देशबाट निष्काशित भएर नेपाल फर्किरहेका छन्।

यो वर्ष नोभेम्बर २२ सम्मको तथ्याङ्कअनुसार डिपोर्ट भएर स्वदेश फर्काइएका नेपाली नागरिकको संख्या १,१६२ छ । यो वर्ष सबैभन्दा धेरै नेपाली यूएईबाट निष्काशनमा परेका छन्। त्यसपछि क्रमशः मलेशिया र कतारबाट निष्काशित हुने नेपालीको संख्या बढी छ । अध्यागमन विभागका निर्देशक टीकाराम ढकालका अनुसार यूएईबाट २७० जना, मलेशियाबाट ८८ जना र कतारबाट ६४ जना देशनिकालामा परेर नेपाल फिर्ता भएका हुन्।




यी तीनवटै देश नेपाली कामदारले धेरै रुचाएका राष्ट्रहरू हुन्। अर्को प्रमुख श्रम गन्तव्य साउदी अरबमा पनि नेपालीहरूले "सार्वजनिक शिष्टाचारविपरीत आचरण" गरेका कारण जरिबाना र अन्य सजाय हुन सक्नेप्रति एक साताअघि नेपाली दूतावासले आफ्ना नागरिकहरूलाई सचेत गराएको थियो। विगत पाँच वर्षको तथ्याङ्कअनुसार सन् २०२३ मा सर्वाधिक संख्यामा नेपाली नागरिकहरू निष्काशित भएर फर्किएका थिए।

सो वर्ष १,४४३ जना त्यस्तो कारबाहीमा परेका थिए।त्यसअघि सन् २०२२ मा १,१६७ जना र २०२१ मा ८८० जना डिपोर्ट भएर नेपाल आएका थिए। कोभिड महामारीका कारण सन् २०२० मा डिपोर्टमा पर्ने नेपालीहरूको सङ्ख्या कम थियो। अध्यागमन कार्यालयले उक्त वर्ष आफ्नो अभिलेखमा जम्मा एक जना मात्रै त्यसरी फर्किएको जनाएको छ।

**नेपालबाट एक महिनामा २३ जना देशनिकालामा**

नेपालले यो वर्ष विभिन्न देशका २७६ जनालाई निष्कासन गरेर उनीहरूको देशमा पठाएको छातीमध्ये अधिकांश भिसा अवधि सकिएर पनि स्वदेश नफर्किएकाहरू छन्। अध्यागमन विभागका अनुसार यो वर्ष 'ओभरस्टे' गर्ने २३० विदेशीलाई त्यस्तो कारबाही गरिएको हो। सन् २०२३ मा ४५८ र २०२२ मा ५७० जनालाई पनि त्यसरी निष्काशन गरिएको थियो।

नेपालबाट निकालामा पर्ने विदेशीहरूमध्ये चिनियाँ नागरिकको संख्या सर्वाधिक हुने गरेको छ। दोस्रो ठूलो संख्या अमेरिकी नागरिकहरूको हुने गरेको अध्यागमन कार्यालयका अधिकारीहरूले बताएका छन्। नेपालबाट निष्कासनमा पर्ने धेरैजसो भिसाको अवधि सकिएर पनि स्वदेश नफर्किएकाहरू रहेको अध्यागमन विभागका महानिर्देशक गोविन्दप्रसाद रिजालले जानकारी दिए।"धेरै विदेशीहरू ओभरस्टेको कारणले र त्योबाहेक कोहीकोहीले यहाँ आएर हाम्रो कानुनले तोकेकोभन्दा फरक र गैरकानुनी क्रियाकलापमा संलग्न हुने अवस्थामा पनि फिर्ता पठाउने गर्छौं," रिमालले भने।

**नेपालले निकाला गर्ने प्रमुख कारण**

नेपाली अधिकारीहरूका अनुसार यस्ता कसुर गर्ने विदेशी नागरिकहरू निकालामा गरेका छन्। नेपालबाट डिपोर्ट हुने विदेशीमध्ये कतिपयलाई नेपाल फेरि फर्किन निश्चित समयसम्म बन्देज लगाउने कानुनी व्यवस्था छ।

"पर्यटक भिसामा आएर ओभरस्टे छ भने त्यो भिसा वर्षभरिमा प्रवेश पाउँदैन। एक वर्षभन्दा बढी ओभरस्टे छ भने उनीहरूलाई कति समयको लागि प्रवेश नदिने भन्ने पनि कानुनी व्यवस्था छ," रिमालले भने। भिसा अवधि सकिएपछि नेपालमा बसेका विदेशी नागरिकहरूलाई ओभरस्टे अवधिका आधारमा कानुनले जरिबाना पनि तोकेको छाकतिपय आपराधिक गतिविधिमा संलग्न भएका कतिपय विदेशीहरूलाई पुनः नेपाल प्रवेश नपाउने गरी समेत निष्कासन गर्ने गरिएको अध्यागमन विभागले जनाएको छ।

नेपालसहित विभिन्न देशमा शृंखलाबद्ध हत्यामा दोषी ठहर भएका फ्रान्सेली नागरिक चार्ल्स शोभराजले नेपालमा कैद अवधि पूरा गरेपछि दुई वर्षअघि उनलाई १० वर्ष नेपाल फर्किन नपाउने गरी निष्काशन गरिएको थियो।

**नेपालीहरू किन निकालामा पर्छन्**

अध्यागमन विभागका महानिर्देशक गोविन्दप्रसाद रिजाल नेपालीहरू अनेकौं कारणले निष्काशित भई स्वदेश फिर्ता हुने गरेका छन्।"कतिपयलाई अध्यागमन नाकाबाट प्रवेश इन्कार गरेर पनि फिर्ता पठाइएको हुन्छ भने कतिपयलाई सम्बन्धित देशमा प्रवेश गरिसकेपछि भिसाको समय सकिएको, कतिपय गैरकानुनी काममा संलग्न भएको कारण पनि डिपोर्ट गरेको देखिन्छ," रिजाल भन्छन्।प्रहरीको मानव बेचबिखन तथा अनुसन्धान ब्यूरोका प्रवक्ता भावेश रिमाल अमेरिकाबाट डिपोर्ट भएर आउनेमध्ये अधिकांश गैरकानुनी बाटोबाट उक्त देश प्रवेश गर्नेहरू रहेको बताउँछन्।

"हामीले अमेरिकाबाट डिपोर्टेशनमा परेर फर्किएकाहरूसँग कुरा गर्दा गैरकानुनी बाटोबाट अमेरिका पुगेकाहरू धेरै छन् । उनीहरूमध्ये कतिपयमाथि ब्यूरोले अनुसन्धान गर्छ र आवश्यक परामर्श पनि दिने गरेको छ," रिमालले बीबीसी न्यूज नेपालीसँग भने ।

# इजरायली निकासी आदेश पछि बेरुतमा आक्रमण

एएफपी

बेरुत । इजरायलले निकासी आदेश जारी गरेको केही समयपछि हिजबुल्लाह लडाकुहरूको गढ बेरुतको दक्षिणी उपनगरमा आक्रमण गरेको लेबनानी मिडिया र एएफपिटिभी फुटेजले शुक्रबार जनाएका छन् ।

लडाकु विमानहरूले" दक्षिण बेरुतमा दुईवटा छापा मारेपछि लेबनानी विश्वविद्यालयको छेउछाउबाट बाक्लो धुवाँ उडिरहेको राष्ट्रिय समाचार एजेन्सीले जनाएको छ ।इजरायली सेनाले तिनवटा स्थान खाली गर्न आदेश दिए पछि सामाजिक सञ्जालमा आक्रमणको चेतावनी दिँदै एएफपिटिभीको प्रत्यक्ष फुटेजले यस क्षेत्रको अवस्था देखाएको थियो । यस लगतै इजरायली सेनाले विज्ञप्ति मार्फत लडाकू जेटहरूले बेरुतको दक्षिणी उपनगरहरूमा आक्रमणको नयाँ चरण पूरा गरेको जनाएको छ ।

बेरुत र लेबनानको दक्षिण तथा पूर्वका अन्य क्षेत्र पछिको इजरायली आक्रमणमा इजरायलले इरान समर्थित हिजबुल्लाह लडाकुहरूलाई लक्षित गरेको बताएको छ ।गाजा द्वन्द्वलाई लिएर इजरायल र हेजबोल्लाह बिच ११ महिना भन्दा बढीको सीमापार लडाँइ सेप्टेम्बरमा पूर्ण युद्धमा परिणत भएको छ । लेबनानको स्वास्थ्य मन्त्रालयले बिहीबार इजरायली हमलामा कम्तिमा ५२ जनाको र लेबनानको पूर्वमा करिब ४० को मृत्यु भएको जनाएको छ ।

इजरायली सेनाले शुक्रबार तटीय सहर टायर र नजिकैको बुर्ज अल-शेमाली प्यालेस्टिनी शरणार्थी शिविरका केही भागहरूका लागि निकासी चेतावनी पनि जारी गरेको थियो ।इजरायल हिजबोल्लाह युद्धको अन्त्यका लागि मध्यस्थता गर्न अमेरिकी दूत अमोस होचस्टेनले बुधबार बेरुतको भ्रमण समाप्त गरेपछि लेबनानमा आक्रमणको गति बढेको छ ।

# यस्तो छ विदेशी मुद्राको विनिमयदर, कुनको बढ्यो, कुनको घट्यो

काठमाण्डु । नेपाल राष्ट्र बैंकले शुक्रबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। केन्द्रीय बैंकले सार्वजनिक गरेको विवरणानुसार बिहीबारको तुलनामा शुक्रबार अमेरिकी डलर, स्टर्लिङ पाउण्ड, क्यानेडियन डलर, स्वीस फ्र्याङ्क, अष्ट्रेलियन डलर, जापानी येन, चिनियाँ युआन, कतारी रियाल, थाईभाट, मलेसियन रिङ्गेट, कुवेती दिनार, बहराइन दिनारको मूल्य बढेको छ। युरो र डेनिस क्रोनरको पैसा निर्धारण भएको जनाएको छ ।शुक्रबारका लागि क्यानेडियन डलर एकको खरिददर ९६ रुपैयाँ ६३ पैसा तथा बिक्री दर ९७ रुपैयाँ ०७ पैसा तथा सिङ्गापुर डलर एकको खरिददर एक सय रुपैयाँ ४४ पैसा तथा बिक्रीदर एक सय रुपैयाँ ८९ पैसा कायम गरिएको छ।

यस्तै जापानी येन १० को खरिददर आठ रुपैयाँ ७३ पैसा तथा बिक्रीदर आठ रुपैयाँ ७७ पैसा, बढेको चिनियाँ युआन एकको



भने मूल्य घटेको छ।

शुक्रबार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ ९० पैसा र बिक्रीदर एक सय ३५ रुपैयाँ ५० पैसा निर्धारण भएको छ।

यस्तै, युरो एकको खरिददर एक सय ४२ रुपैयाँ ०४ पैसा र बिक्रीदर एक सय ४२ रुपैयाँ ६७ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार पाउण्ड स्टर्लिङ एकको खरिददर एक सय ७० रुपैयाँ ६२ पैसा तथा बिक्रीदर एक सय ७१ रुपैयाँ ३८ पैसा कायम भएको छ। केन्द्रीय बैंकले स्वीस फ्र्याङ्क एकको खरिददर एक सय ५२ रुपैयाँ ७१ पैसा तथा बिक्रीदर एक सय ५३ रुपैयाँ ३८ पैसा, अष्ट्रेलियन डलर एकको खरिददर ८८ रुपैयाँ, बिक्रीदर ८८ रुपैयाँ ३९ खरिददर १८ रुपैयाँ ६३ पैसा तथा बिक्रीदर १८ रुपैयाँ ७१ पैसा, साउदी रियाल एकको खरिददर ३५ रुपैयाँ ९३ पैसा तथा बिक्रीदर ३६ रुपैयाँ ०९ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ तथा बिक्रीदर ३७ रुपैयाँ १७ पैसा तय भएको केन्द्रीय बैंकले जनाएको छ। यस्तै थाईभाट एकको खरिददर तीन रुपैयाँ ८९ पैसा तथा बिक्रीदर तीन रुपैयाँ ९१ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ७३ पैसा तथा बिक्रीदर ३६ रुपैयाँ ८९ पैसा निर्धारण भएको छ।

मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ २१ पैसा तथा बिक्रीदर ३० रुपैयाँ ३५ पैसा, दक्षिण कोरियाली वन १०० को खरिददर नौ रुपैयाँ ६५ पैसा तथा बिक्रीदर नौ रुपैयाँ ६९ पैसा निर्धारण भएको छ ।रासस

# बगेर खेर गइरहेछ भोटको नुन

म्याग्दी । मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ तेताङका ७३ वर्षीय थर्चेन गुरुङले ३० वर्षअघिसम्म नर्साङखोला किनारमा रहेको खानीको नुन आफूले उपभोग र गाईवस्तुलाई खुवाउने गर्नुहुन्थ्यो । "मुस्ताङमात्र नभएर यो खानीको नुन म्याग्दी, पर्वत, बागलुङमा भोटको नुनले परिचित थियो", उहाँले भन्नुभयो, "आयोडिन मिसाएको नुन आउन थालेपछि हाम्रो खानीको नुन नर्साङखोलामा बगेर खेर गइरहेको छ।"

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ मा पर्ने नुनखानी उपभोग हुनसकेको छैन । कुनै समय 'भोटको नुन'का रूपमा चिनने यहाँको खानी बेवारिसे बनेको छ। तेताङगाउँबाट नर्साङ खोलैखोला करिब एक घण्टा पैदलयात्रा गरेपछि नुनखानीमा पुगिन्छ। अग्ला पहाडको फेदीमा नुनिलो पानी निस्कने चारवटा मुहान छन् । प्रयोग हुन नसक्दा मुहानबाट निस्कने नुनिलो पानी नर्साङखोलामा बगेर खेर गइरहेको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ का वडासदस्य तथा तेताङका बासिन्दा धवा गुरुङले बताउनुभयो । गुरुङका अनुसार आयातित नुनको सहज उपलब्धतासँगै यहाँको खानी तीन दशकयता उत्खनन भएको छैन । "पहिले तेताङका बासिन्दा तीन महिनासम्म खानीमै बसेर वर्षमा ६०-७० मुरी नुन निकाल्ने गर्दथे", उहाँले भन्नुभयो, "अहिले नुन निकाल्ने मान्छे पनि छैनन् । बाटो नभएकाले त्यहाँ पुग्न पनि गाह्रो छ।"

स्थानीयवासीले परम्परागत प्रविधि अपनाएर नुनीलो पानीलाई सुकाएर ढिक्के नुन उत्पादन गर्दथे । नुनिलो पानीलाई कुण्डमा सङ्कलन गरी घाममा सुकाएर नुन बनाउने गरिएको थियो । मुहानबाट पाइपमार्फत कुण्डमा नुनिलो पानी ल्याएर सङ्कलन गर्ने संरचनाहरू अझै छन् । पहिले खाली जमिनमा सुकाइने नुनिलो पानी पछिल्लो समय त्रिपाल र प्लाष्टिकमाथि जम्मा गर्न थालिएको थियो । उत्खनन हुन छाडेपछि नाउर, झारल, घोरललगायत वन्यजन्तु नुन खानका लागि खानीमा



आउने गर्छन् । नुनखानी हेर्न जानेहरूले वरपर जङ्गली जनावर देखिने बताउँछन् । घुम्न गएका पर्यटकले नुनिलो पानीलाई बोतलमा हालेर प्रसादका रूपमा घरमा लैजाने गर्छन् । बर्खामा नर्साङखोलामा बाढी आउने र हिउँदमा हिउँ पर्ने भएकाले वैशाख, जेठ र असारमा खानीमै बसेर नुन निकाल्ने गरिएको तेताङका बूढापाका बताउँछन् । राणा शासनकालमा थासाङ गाउँपालिका-१ टुकुचेका तत्कालीन सुब्बा शङ्करमान शेरचनलाई नुन उत्खननको जिम्मा दिइएको थियो ।

शेरचन र उहाँका सन्तानहरू बसाइँ सरेर काठमाडौं गएपछि खानी उत्खनन हुन छाडेको हो । म्याग्दी, बागलुङ र पर्वतका बासिन्दा हप्तौं पैदलयात्रा गरेर मुस्ताङमा नुन लिन जाने गर्दथे । बेनी नगरपालिका-५ का केदार पौडेलले मुस्ताङ गएर चामलसँग साटेर नुन ल्याउने गरेको सम्झनुहुन्छ । "मुस्ताङमा धानखेती नहुने भएकाले हामीले यताबाट चामल बोकेर लैजाथ्यौँ र एक पाथी चामलको एक पाथी नुन ल्याएर आउथ्यौँ", ७० वर्षीय पौडेलले भन्नुभयो, "पछि पुतलीखेतमा गाडी आएपछि नुन ल्याउन मुस्ताङ जान छाडियो । अहिले त आयोडिनयुक्त नुन गाडीले गाउँगाउँमै ल्याउँछ ।" गाउँघरमा बूढापाकाहरूले भोटको नुन ल्याउन थाकखोला जाँदाको अनुभव सुनाउने गर्छन् । भोटको नुन अहिले एकादेशको कथामा सीमित भएको छ। जोमसोमबाठ तल पर्ने थकाली समुदायको बसोबास भएको बस्तीलाई थाकखोला भन्ने गरिन्छ । नुनको माग रहेको बेला तेताङका धेरैले रोजगारी पाएका थिए । रोजगारीसँगै पैसा तिरेर महँगोमा नुन खान नपरे आफूहरूलाई ठीक हुने स्थानीयवासीको माग छ।

विसं २०७७ मा खानी तथा भूगर्भ विभागका प्राविधिक इन्जिनियरसहितको टोलीले यस क्षेत्रमा स्थलगत रूपमा नुन खानीको अध्ययन गरेको थियो । टोलीले यो खानीको नुनमा ७० दशमलव २८ प्रतिशत देखि ९३ दशमलव ७ प्रतिशतसम्म सोडियम क्लोराइड रहेको र यहाँको नुन खान योग्य भएको पुष्टि गरेको थियो । जोमसोम देखि ३० किलोमिटर टाढा छुसाङको तेताङ नजिकैको नर्साङखोला आसपासको दुई किलोमिटर क्षेत्रफलमा नुनको भण्डार रहेको विभागको अध्ययन प्रतिवेदनमा उल्लेख छ। तत्कालीन उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री सोमप्रसाद पाण्डे आफैँ नुनखानीको अनुगमन गर्न आउनुभएको थियो।

पूर्वप्रतिनिधिसभा सदस्य प्रेमप्रसाद तुलाचनका अनुसार मुस्ताङको नुनलाई ' हिमालयन साल्ट'का रूपमा ब्राण्डिङ गरेर बिक्री गर्ने लक्ष्यसहित २०७७ सालमा खानी तथा भूगर्भ विभागले नुनखानी उत्खननका लागि प्रस्ताव आह्वान गरेको थियो । विभागका अनुसार नुनखानी उत्खनन गर्न कुनै पनि कम्पनीले प्रस्ताव गरेनन् । निजी क्षेत्रले चासो नदेखाएपछि नुनखानी उत्खननको विषय ओझेल परेको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ का वडाध्यक्ष विनोद गुरुङले बताउनुभयो।

"भूगोल हाम्रो भए पनि खानी उत्खनन गर्ने सामर्थ्य र अधिकार गाउँपालिका वडालाई छैन", उहाँले भन्नुभयो, "खानीलाई संरक्षण गरेर पर्यटकीयस्थल बनाउन सकिन्छ । त्यसका लागि बाटोको समस्या छ।" सडकमार्गको पहुँच र नुनखानी रहेको पहाडबाट बग्ने नुनिलो पानीलाई पाइप लाइनमार्फत सहज ठाउँमा ल्याएर उत्पादन गर्न सकिने सम्भावना छ । परम्परागत रूपमा विगतमा नुनको उत्खनन भए पनि त्यसलाई आधुनिक तरिकाले गर्न आवश्यक छ । उत्खनन भएको नुनलाई आयोडिन मिसाएर प्रयोगयोग्य बनाउन सकिन्छ।

वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिनजिन नामग्याल गुरुङले नुनखानी भएको ठाउँलाई तेताङ र छुसाङका बासिन्दाहरूको आफ्नो भूगोलमा पर्ने दाबी गर्दा विवाद भएको र व्यक्तिगत जग्गामा खानी भएकाले त्यसका लागि सरकारले नीतिगत निर्णय गर्नुपर्ने बताउनुभयो । यसअघि गाउँपालिकाले २०७५ सालमा नुनखानीबाट निस्कने नुनिलो पानी सङ्कलन गर्ने तीनवटा पोखरी बनाएको थियो । गाउँपालिकाले बनाएको उक्त अस्थायी संरचना नर्साङखोलाको बाढीले क्षति पुर्याएको छ।

मुस्ताङबाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य विकल शेरचनले खानी रहेको ठाउँको जग्गा व्यक्तिको स्वामित्वमा रहेकाले त्यहाँ सरकारी निकायबाट पूर्वाधार बनाउन नीतिगत समस्या हुने भएकाले अलमल रहेको बताउनुभयो । मुस्ताङमा नुनको मात्र नभएर युरेनियम, कोइला र ग्यासको खानी छ।

मुक्तिनाथ मन्दिर परिसरमा ग्यासको खानी भएकाले त्यहाँ निरन्तर बलिरहने ज्वाला छ। खानी तथा भूगर्भ विभागले २०७०/७१ सालमा गरेको प्रारम्भिक अन्वेषणमा लोमान्थाङ क्षेत्रमा १० किमी लम्बाइ र तीन किमी चौडाइमा युरेनियम भेटिएको थियो।

युरेनियनको खानीको संरक्षण र सुरक्षाका लागि लोमान्थाङको लुङखुफाँटमा नेपाली सेनाको क्याम्प राखिएको छ । युरेनियमलाई इन्धन र परमाणु हतियार निर्माणका लागि कच्चा पदार्थका रूपमा प्रयोग गर्न सकिन्छ । जोमसोम नजिकैको ठिनी लेकमा कोइला खानी छ । मुस्ताङमा रहेका खानीको व्यवस्थित हिसाबले उत्खनन र संरक्षण गर्न सकेमा रोजगारी सृर्जना, आयात घटाउन र देशको अर्थतन्त्रमा योगदान पुग्ने देखिन्छ ।रासस

# गाउँकै अगुवा किसान, गाउँले एफएम दाइ

नौमुले । नाबालकमै आमा गुमाएका दैलेख चामुण्डाविन्द्रासैनी नगरपालिका-९ का नगेन्द्र खड्का ५० वर्ष पुग्नुभयो। गाउँमै व्यावसायिक सागसब्जीखेतीबाट वार्षिक रु पाँच-छ लाखसम्म आम्दानी गर्नुहुन्छ । खड्काले छ रोपनीमा व्यावसायिक सागसब्जीखेती गर्नुभएको छ । छोरा सागरको नाममा 'सागर कृषि तथा पशुपक्षी फार्म' दर्तागरी गाउँमै व्यावसायिक सागसब्जी लगाउनुभएको छ।

कलाकार पशुपति शर्मा र सीता केसीले गाएको गीतजस्तै भएको छ, खड्कालाई । मलाई अमेरिका यही, मलाई जापान पनि यही । गाउँका अधिकांश पुरुष रोजगारीका लागि मुग्लान र खाडी मुलुकमा गए पनि उहाँले गाउँमा नै तरकारी व्यवसाय गरेर आम्दानी गर्नुभएको छ । उहाँले हाँस्दै भन्नुभयो, "ती कलाकारले मेरा लागि गीत गाएका हुन् कि क्या हो ?"

पालिकामा तरकारी सङ्कलन केन्द्र नहुँदा डोकोमा तरकारी बोकेर बिक्रीका लागि जम्बुकाँध बजार धाउनु उहाँको दिनचार्य नै बनेको छ। खड्का भन्नुहुन्छ, "बजारमा पाइला टेक्नेबित्तिकै गाउँले एफएम दाइको, गाउँले तरकारी आयो है आयो, आफ्नै बारीमा फलाएको, अर्ग्यानिक तरकारी, किन्नुहोस् भन्दै बजार-बजार डुल्दै चिच्याउनुहुन्छ ठट्यौली शैलीमा ।" उहाँको तरकारीप्रतिको यो लगाव देखेर गाउँका अधिकांश मानिसले सिको गर्न थालेका छन् ।

"सानै उमेरमा हिमाञ्चल गएँ, दुःख पाएँ। अब आफ्नै देशमा गएर केही काम गर्छु भन्ने लाग्यो । गाउँ फर्किएर तरकारी लगाएँ । म १४ वर्षकै उमेरमा विदेश (भारत) मजदुरी गर्न जानुभएका उहाँ आजभोलि




गाउँकै अगुवा कृषक बन्नुभएको छ । पहिला त मैले जहानपरिवारले खाने तरकारी फलाए त्यसपछि बिक्री हुन थालेपछि व्यावसायिक तरकारीखेतीतिर लागेको हुँ", उहाँले भन्नुभयो । हाँसेर कुरा गर्ने उहाँको स्वभाव हो । दिनरात तरकारीबारीमा खटिएर उब्जाएको तरकारी बेच्न वरपर ठूलो बजार छैन। डौँसुर, बिन्द्रासैनी, जम्बुकाँधलगायत स्थानीय बजारका खुद्रा पसलमा डोकोमा तरकारी बोकेर पुर्याउँछु । "एकपटक ५५ केजी लिएर गएको रहेछु, बिक्रीपछि मात्र थाहा भयो, उहाँ भन्नुहुन्छ, "बुढो मुन्छे, डोको बोक्दा-बोक्दा थाप्लोका रौं गइसके । केटाकेटीले बोकेर लगिदिन्नन्, क्यार्नु!"

श्रीमती (खजुरा)ले दुई भैंसी, एक हल गोरु र केही बाख्रा पालेर सघाउनुभएको छ । खड्काले गाईवस्तुका बाहेक अन्य मल प्रयोग गर्नु हुँदैन । चार सन्तानमध्ये जेठी छोरीको विवाह भइसक्यो । जेठाले १२ पास गरेर गाउँमै व्यापार गरिबसेका छन् । एक छोराले भर्खरै १८ महिने भेटेनरी कोर्ष पूरा गरे, एक छोरीले १२ कक्षा पास गरेकी छन् । "छोराछोरीलाई यतिसम्मको शिक्षादीक्षा मैले तरकारी बेचेरै दिएको छु," उहाँले भन्नुभयो।

**'गाउले एफएम दाइ'**

विस २०५८ तिर, डौँसुरमा खड्का सानो खुद्रा पसल थियो । पसलमा रेडियोबाट दैनिक समाचार सुन्नु र पसलमा सामान किन्न आएका मानिसलाई समाचार सुनाउनु उहाँकै दैनिकजस्तै थियो । त्यतिबेला जनयुद्ध उत्कर्षमा थियो । समाचारप्रति स्थानीयको चासो बढी थियो । रेडियो नेपाल, माओवादीले सञ्चालन गरेको रेडियो, नेपालगञ्जको वागीश्वरी एफएम, कैलाली टीकापुरको फूलबारी एफएम आदिबाट बज्ने समाचार गाउँलाई चर्को 'भोल्युम'मा सुनाउने गरेको उहाँका छरछिमेकी बताउँछन् ।

"आज यो ठाउँमा यस्तो भीडन्त भयो, यति जनाको मृत्यु भयो, यति जना घाइते भए भनेर सबैलाई भन्थेँ, बिबीसी सुनेर विश्वका घटना पनि ज्ञान लिन्थे। त्यहीबेला माओवादीकै 'रिवल'ले उहाँको नाम 'गाउँले एफएम दाइ' भनेर राखिदिनुभएछ, अहिले नगेन्द्र नामले होइन । उहाँले गाउँले एफएमदाई नामले परिचित हुनुहुन्छ।

खड्का लोकगीत र देउडामा रुचि उत्तिकै छ । "विस २०४३ मा रेडियो नेपालबाट चौतारी कार्यक्रम आउँथ्यो, जहाँ अहिलेका इन्द्रेणी कार्यक्रमका सञ्चालक कृष्ण कँडेलसमेत ठाडीभाका गाउनुहुन्थ्यो, त्यही बेलादेखि मेरो रेडियोतर्फ र गीत-सङ्गीततर्फ लगाव रह्यो।"देउडा र लोकगीतमा उहाँको रुचि छ। केही वर्षअघि दैलेख, सुर्खेतबाट प्रसारण हुने धेरैजसो रेडियो कार्यक्रममा बोल्ने, गाउने गर्नुहुन्थ्यो । गाउँले लबज र प्रष्ट आवाजमा गीत गाउने उहाँ स्रोतामाझ 'नगेन्द्र खड्का गाउँले एफएम' नामले चर्चित हुनुभएको छ। अझै पनि उहाँको घरको बाहिर रेडियो झुन्डिएको हुन्छ। रेडियो सुन्दै बारीमा काम गर्नुहुन्छ।

बजार बुझेर उत्पादन गर्दा आम्दानी

बजारको माग बुझेर उत्पादन गर्दा आम्दानी आइहाल्छ । नत्र त्यत्तिकै तरकारी खेर जाने उहाँको भनाइ छ । विगत सम्झँदै खड्काले भन्नुभयो, "विसं २०७९ वैशाखमा मङ्सिरमा आमचुनाव हुन्छ । चुनावको प्रचारमा आउने कार्यकर्ताले तरकारी किन्छन भनेर बारीमा तरकारी लगाएँ । मङ्सिरमा मात्रै २० हजार बराबरको सिमी बिक्री भयो । निर्वाचनको अवधिमा छ क्विन्टल त बन्दा बेचे।" उम्मेदवारलाईमैलेउत्पादनगरेकोसिमी र टमाटरको मालासमेत लगाइदिएको उहाँले जानकारी दिनुभयो । सिमी, काँक्रा, चिचिन्डोलगायत बीउ खड्काआफैँ उत्पादन गर्नुहुन्छ। "हाइब्रिड जातको बीउ भने पसलबाट खरिद गर्छु। विसं २०८० फागुन-चैतमा मात्र रु २५ हजार बराबरको चिचिन्डोका बेर्ना बिक्री गरेँ," उहाँले भन्नुभयो, "म तरकारी कहिले बिक्री हुन्छ भन्ने बुझेर उत्पादन गर्छु, यसपालि दुई सय बोट काउली र त्यही अनुपातमा बन्दा लगाएको छु, राम्रै फलेको छ।"

ठूला दुईवटा टनेलमा छ क्विन्टलजति गोलभैँडा तयार छन् । एउटा बोटमा तीन-चार केजीसम्म गोलभैँडा फलेको उहाँले खड्काले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "भर्खरै मात्र रु दुई हजार पाँचमा टमाटर बेचेर आएँ । अर्ग्यानिक टमाटर हो यो, रु ६० केजीमा बिक्री भइरहेको छ।" कृषिसम्बन्धी तालिम लिएका खड्का घरमै कीटनाशक औषधि बनाउनुहुन्छ । मैले अहिलेसम्म तरकारीमा विषादी हालेको छैन । उहाँले भन्नुभयो, "अर्ग्यानिक मल नै फालाफाल छ। बजारिया मल किन किन्नु, माटो बिगार्छ।"

परम्परागत रूपमा खेती गर्दै आउनुभएका खड्काले अहिलेसम्म गैरसरकारी सङ्घसंस्थाको सहयोग पाए पनि राज्यबाट कुनै अनुदान वा पाउनुभएको छैन । मैले मेहनतले नै पुरस्कार पाएँ। उहाँका अनुसार राज्यले दिने करोडौं अनुदान झोलामै तरकारी फलाउने र झोलामै बाख्रापालन गर्ने बिचौलियाले पाउँछन् । हामीजस्ता किसानले सरकारले दिने अनुदान पाए अधिकांश मानिस गाउँमै स्वरोजगार हुने थिए । तरकारीखेतीका लागि खड्कालाई सिँचाइको समस्या छ। एकपटक सेवक नामक संस्थाले उहाँलाई पाल दिएको थियो। पालको छानो राखी उहाँले बारीनजिकै पोखरी बनाउनुभएको छ ।रासस

# करोडौँका 'कोल्ड स्टोर' प्रयोगविहीन, उत्पादन बोटबाटै बिक्री गर्न किसान बाध्य

पर्वत । यतिबेला जिल्लाका अधिकांश स्थानमा पाकेका सुन्तला लटरम्म छन् । जिल्लामा भरपर्दो र उपयुक्त चिस्यानगृह नहुँदा किसानहरु सुन्तला पाक्न नपाउँदै सस्तो मूल्यमा बिक्री गर्न बाध्य भएका छन् ।

जिल्लाभित्र करोडौँको लगानीमा निर्माण भएका चिस्यान केन्द्र प्रयोगविहीन बन्दा सुन्तला, किवी, आलुजस्ता कृषिउपज सिजनमै सस्तोमा बिक्री गर्नुपरेको हो । प्रयोग भएका गृह पनि आंशिक मात्रामा सञ्चालनमा रहेका छन्। जिल्लाका विभिन्न क्षेत्रमा निर्माण भएका चिस्यानगृहमा कृषकले उत्पादन गरेका तरकारी, फलफूल तथा अनाज भण्डारण नगरी सीधै व्यापारीलाई ठेक्कामा बिक्री गर्दा प्रयोगविहीन बनेका हुन्। कृषि ज्ञान केन्द्र पर्वतका अनुसार, हाल जिल्लाभित्र विभिन्न प्रकृति र उद्देश्यका आठवटा चिस्यानगृह रहेका छन्।

जिल्लाभित्र रहेको चिस्यानगृहको क्षमता करिब ६४ दशमलव ५ मेट्रिक टन रहेको छ।

तीमध्ये १० मेट्रिक टन क्षमताका भोक्सिङ, शालिजा र बनौंमा रहेका तीनवटा चिस्यानगृहमा सिजनको बेला मात्र आलु भण्डारण गर्ने गरिन्छ । त्यसैगरी बाँसखर्कमा १० मेट्रिक टन क्षमता रहेको एक र कुर्घामा २ दशमलव ५ मेट्रिक टन क्षमता रहेका दुईवटा कोल्डस्टोर सिजनअनुसार सुन्तला र आलु स्टोर गर्दिँदै आएको छ।

"हामी जसरी 'कोल्ड रुम' बनाउन बजेटको लागि खट्छौँ, भनसुन गर्छौं, सोहीअनुसार सञ्चालनमा समेत यथोचित ध्यान नदिँदा अपेक्षित लाभ दिन नसकेका हुन् ।" कृषि ज्ञान केन्द्र,



पर्वतका प्रमुख परशुराम अधिकारीले भन्नुभयो,- "राज्यले भौतिक संरचनाका लागि मात्र बजेट विनियोजन गर्नुभन्दा निर्माणपश्चात्का जटिलता, प्राविधिक ज्ञान, सहुलियत विद्युत्लगायतका पक्षमा समेत यथोचित ध्यान दिनुपर्छ।"

अधिकारीले चिस्यान केन्द्र निर्माण गरे पनि कृषकले भण्डारण नगरी ठेक्कामै आफ्ना उत्पादन बेच्ने परिपाटी विकसित हुँदै गएको र कृषिउपज टिप्ने, सङ्कलन गर्ने तथा भण्डारण गर्ने आवश्यक ज्ञान उनीहरुमा नदेखिएको हुँदा फसल लामो समयको लागि स्टोर गर्न समस्या देखिएको बताउनुभयो । उहाँले राज्यस्तरबाटै निर्माणसँगै स-साना प्राविधिक ज्ञानका पक्षलाई पनि माथि उठाउनुपर्ने बताउनुभयो।

त्यसैगरी पाँच वर्ष अघि कुश्मा नगरपालिका-९ कटुवाचौपारीको बाह्रबिसेमा निर्माण गरिएको कोल्डरुममा आलु भण्डारण सफल रुपमा हुँदै आएको छ । कटुवाचौपारीको कोल्डरुममा विगत पाँच वर्षसम्म प्राविधिक ज्ञानको अभावका कारण केही कृषिउपज कुहिएर गएका थिए भने पछिल्लो समय आलु र सुन्तला भण्डारण सफल देखिएको सञ्चालक राजबाबु पिसीले जानकारी दिनुभयो । उहाँले आगामी दिनमा मासु स्टोर गर्न सकिने कोल्डरुम निर्माणको सोचमा आफू रहेको जानकारी दिनुभयो।

त्यसैगरी पैयुँ गाउँपालिका-४ हातेमालोचोकमा चिस्यानगृह निर्माण सम्पन्न भइसकेर पनि हालसम्म पनि सञ्चालनमा आउन सकेको छैन । पैयुँको चिस्यानगृह निर्माणका लागि कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र, ललितपुरको रु ११ लाख र पैयुँ गाउँपालिकाको रु ११ लाख लगानी रहेको छ । दक्ष प्राविधिकको अभावमा चिस्यानगृह सञ्चालनमा ल्याउन समस्या परेको गाउँपालिकाका अध्यक्ष तोरण मल्ल ठकुरीले बताउनुभयो। उहाँका अनुसार आगामी सिजनमा आलु भण्डारण गर्ने तयारी गरिएको छ।

त्यस्तै गरी जिल्लाको मोदी गाउँपालिकाको पातिचौरमा निर्माणाधीन रहेको 'कोल्डरुम' भने भौतिक संरचना निर्माणमा भएको ढिलाइका कारण हालसम्म पनि अलपत्र अवस्थामा रहेको छ ।रासस

## नापी कार्यालय, जनकपुरधाम, धनुषा

### २१ दिने सार्वजनिक सूचना

सूचना प्रकाशन मिति : २०८१/०७/२९

जि.ध.साबिक गा.वि.स. सोहनी मुजेलिया वार्ड नं. ४ क कित्ता नं. ३०९ ज.वि. १-६-१२ मध्ये गाउबल्क भित्रको स्ववासी जग्गा जनकपुर वार्ड नं. १४ को सिट नं. १२७५-०३ को किता नं. ५२ ऐ ऐ किताको घर जग्गा देहायका व्यक्तिले परापुर्वकाल देखि दर्ता तिरो केही नभई मेरो स्ववासी जग्गा दर्ता गरी पाउ भनि दाबी गरेको हुँदा जग्गा नाप जाँच ऐन २०१९ को दफा ६ को उपदफा ५ बमोजिम सूचना प्रकाशित गरिएको छ। सो उपर कसैको हकभोग भए वा उक्त जग्गा ऐलानी, सार्वजनिक, वन क्षेत्र वा गुठी अधिनस्थ जग्गा भए यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र यस कार्यालयमा आफै वा रितपर्वुक वारिस पठाई स-प्रमाण उजुर गर्नु होला अन्यथा निम्न उल्लेख भएका जग्गा निवेदकको नाममा जग्गा नाप जाँच ऐन २०१९ को दफा ६ को उपदफा ५ गाउब्लक क्षेत्रको नाप जाँच सम्बन्धी निर्देशिका २०७७ को दफा २ को परिभाषा (घ) बमोजिम र दफा ७ को (ग) बमोजिम स्ववासीमा दर्ता भई जाने व्यहोरा समेतको सूचना प्रकाशित गरिएको छ।

| जग्गाधनीको नाम थर र वतन | जग्गाधनीको बाबु, बाजेको नाम | मोहीको नाम, थर र वतन | वडा नं./ सिट नं. | कित्ता नं. | क्षेत्रफल | किसिम | जग्गाधनीको हक हिस्सा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| नाम :- खाली | | | १४/१२७५-०३ | ५२ | ०-०-४-३ | घडेरी | | फिल्ड बुकको कैफियत महलमा राज नन्दन यादवको नाम लेखिएको। |

## नापी कार्यालय, जनकपुरधाम, धनुषा

### २१ दिने सार्वजनिक सूचना

सूचना प्रकाशन मिति : २०८१/०७/२९

जि.ध.साबिक गा.वि.स. सोहनी मुजेलिया वार्ड नं. ४ क कित्ता नं. ३०९ ज.वि. १-६-१२ मध्ये गाउबल्क भित्रको स्ववासी जग्गा जनकपुर वार्ड नं. १४ को सिट नं. १२७५-०३ को किता नं. ७५ ऐ ऐ किताको घर जग्गा देहायका व्यक्तिले परापुर्वकाल देखि दर्ता तिरो केही नभई मेरो स्ववासी जग्गा दर्ता गरी पाउ भनि दाबी गरेको हुँदा जग्गा नाप जाँच ऐन २०१९ को दफा ६ को उपदफा ५ बमोजिम सूचना प्रकाशित गरिएको छ। सो उपर कसैको हकभोग भए वा उक्त जग्गा ऐलानी, सार्वजनिक, वन क्षेत्र वा गुठी अधिनस्थ जग्गा भए यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र यस कार्यालयमा आफै वा रितपर्वुक वारिस पठाई स-प्रमाण उजुर गर्नु होला अन्यथा निम्न उल्लेख भएका जग्गा निवेदकको नाममा जग्गा नाप जाँच ऐन २०१९ को दफा ६ को उपदफा ५ गाउब्लक क्षेत्रको नाप जाँच सम्बन्धी निर्देशिका २०७७ को दफा २ को परिभाषा (घ) बमोजिम र दफा ७ को (ग) बमोजिम स्ववासीमा दर्ता भई जाने व्यहोरा समेतको सूचना प्रकाशित गरिएको छ।

| जग्गाधनीको नाम थर र वतन | जग्गाधनीको बाबु, बाजेको नाम | मोहीको नाम, थर र वतन | वडा नं./ सिट नं. | कित्ता नं. | क्षेत्रफल | किसिम | जग्गाधनीको हक हिस्सा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| नाम :- खाली | | | १४/१२७५-०३ | ७५ | ०-०-२.१ | घरवारी | | फिल्ड बुकको कैफियत महलमा राम प्रसाद ठाकुर सोनारको नाम लेखिएको। |

# ‘बीआरआई परियोजनामा तत्काल हस्ताक्षर हुदैन’

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले बीआरआईको विषयमा प्रधानमन्त्री केपी शर्मा ओलीले तत्काल हस्ताक्षर नगर्ने बताएका छन् ।

जनकपुरधाममा शुक्रबार संचारकर्मीहरुसंग कुराकानी गर्दै पूर्वउपप्रधान तथा गृहमन्त्रीसमेत रहेका नेता निधिले मुलुकको हितमा बीआरआई सम्झौता नरहेकाले यसबारे व्यापक छलफलपछि सम्झौता गर्न नहुने पक्षमा कांग्रेस रहेको बताए ।




प्रधानमन्त्री ओली चीन भ्रमणको तयारीमा रहेको र उनलाई कुनै पनि ऋण सम्झौतामा हस्ताक्षर नगर्न कांग्रेसले भनिसकेको नेता निधिले बताए । नेता निधिले भने ‘प्रधानमन्त्री ओली चीन भ्रमणको तयारीमा हुनुहुन्छ, कांग्रेसले अनुदान सम्झौता मात्रै भनेको छ, ऋण सम्झौता नगर्न पहिले नै भनिसकेका छौं ।’

यता बीआरआईको विषयलाई लिएर सरकारको भविष्य संकटमा रहेको विषय निराधार रहेको नेता निधिले बताए । नेता निधिले दुई वर्षसम्मलाई प्रधानमन्त्री ओली नै रहनुहुन्छ भने दुई वर्षपछि कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री रहनुहुन्छ भन्ने विषयमा सम्झोत नै भएको छ ।

# वैदेशिक रोजगार सम्बन्धी ऐनको संशोधन अपरिहार्य



**टुडे समाचारदाता**

जनकपुरधाम । वैदेशिक रोजगारीका लागि जाने नागरिकहरुलाई म्यानपावर तथा ट्राभल्स एजेन्सीहरुले ठगी गर्ने गरेको भन्दै तत्काल कडा कानुन बनाइ व्यवस्थित र पारदर्शी गर्नुपर्ने वक्ताहरुले सुझाव दिएका छन् ।

जनकपुरधाममा शुक्रबार उद्योग वाणिज्य श्रम तथा उपभोक्ता हकहित संरक्षण समितिले आयोजना गरेको कार्यक्रममा वक्ताहरुले वैदेशिक रोजगारमा जानेहरुलाई ऋण लिनका लागि समस्या र जाने क्रममा सरकारी निकायका अधिकारीदेखि म्यानपावरसम्मले दुःख दिने गर ठगी गर्ने गरेको आरोप लगाए ।

सरोकारवालाहरुको गुनासा तथा सुझाव ग्रहण गर्दै पूर्वमन्त्रीसमेत रहेका सभापति अब्दुल खानले स्थानीयस्तरमा रहेका प्रशासन कार्यालयका अधिकारीहरुको मानसिकता अझैसम्म पनि विकेन्द्रीकृत हुन नसकेको बताए । सभापति खानले सरकारी निकायका अधिकारीहरुले तदारुकता साथ सेवाग्राहीको काम नगरेर विभिन्न बहानाबाजी बनाउने गरेको भन्दै प्रमुख जिल्ला अधिकारीको कडा आलोचना गरे ।

उनले सांसदहरुसंग पनि धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले बेवास्ता गर्ने गरेको र सहायक प्रमुख जिल्ला अधिकारी विजयराज सुवेदीले कार्यालयमा भीडभाड बढी भएको बहाना देखाएर सेवाग्राहीको काम नै नगर्ने मानसिकताले ग्रस्त देखिएको भन्दै आक्रोश पोखे ।

उनले जनताको समस्या समाधानका लागि तदारुकता देखाउनुपर्ने प्रमुख जिल्ला अधिकारी नै केन्द्रीकृत मानसिकतबाट काम नगर्ने गरी पञ्छिनु गलत रहेको टिप्पणी गर्दै सभापति खानले भने, प्रमुख जिल्ला अधिकारीले लापरबाही गर्नु भनेको आफ्नो कर्तव्यबाट विमुख हुनु हो ।’

उनले अघि थप्दैं भने, ‘सरकार आउने जाने हो, तर स्थायी सरकार भनेको कर्मचारी नै हो र कर्मचारीले जनतालाई सेवा कसरी दिन्छ, त्यसले नै मधेश प्रदेशको विकास र भविष्यको निर्धारण पनि गर्छ ।’

उनले वैदेशिक रोजगार सम्बन्धी ऐनको परिमार्जन र संशोधनको आवश्यकता रहेको बताए । उनले अहिलेको समय अनुरुप सो ऐनको नीति नियम, परिमार्जन र संशोधन हुनु आवश्यकता रहेको बताए । उनले वैदेशिक रोजगारीकै कारण विदेशमा गएकाहरु ठगिने गरे पनि पीडितहरुलाई पठाउने व्यक्ति र म्यानपावर हरुलाई विभिन्न नियम कानुन बनाएर भए पनि पीडकलाई डिजिटल एरेस्ट्को व्यवस्थापन गरी कारबाही प्रक्रिया अघि बढाउनुपर्ने बताए ।

उनले वैदेशिक रोजगारीमा रहेकाहरुलाई शुरुमा भाषाको कठिनाइ भएकाले भाषाको लागि भाषा प्रतिष्ठान स्थापना गर्नुपर्ने आवश्यकता औल्याए । उनले यससंगै सीप अभिवृद्धिका लागि प्रशिक्षण समिति स्थापना, शून्य मुल्य देखाएर ठगी गर्ने एजेन्सी तथा म्यानपावरलाई कारबाही हुनुपर्ने बताए ।

# लफडा तिलकोत्सवको

ब्लग :



**श्यामसुन्दर शशि**

‘कही नभएको जात्रा हाँडी गाउँमा’ भन्ने उखानलाई चरिचार्थ गर्दै विश्व हिन्दू परिषद्को नेतृत्वमा सीता जन्मभूमि जनकपुरधामबाट गएका एक समूह राम जन्मभूमि अयोध्या पुगेर भगवान रामलाई तिलक चढाएका छन् । मंसिर २१ गते जनकपुरधाममा आयोजित हुने रामजानकी विवाह महोत्सवमा जन्तीको रुपमा सहभागी हुन त्यहाँका साधुसन्तलाई निम्तो दिएका छन् । धार्मिक पर्यटन संस्थागत हुँदै गएको वर्तमान समयमा धार्मिक-सांस्कृतिक आयोजनहरुलाई अझ भव्य बनाउन, पर्यटकहरुलाई आकर्षित गर्न यस्ता आयोजनहरु आवश्यक हो । यसलाई अन्यथा मान्न हुदैन, तर यस आयोजनले जनकपुरधाममा ठूलै हल्लाखल्ला मचेको छ । जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णव ‘एउटै बेहुलालाई दुई पटक तिलक चढ्दैन’ भन्दै रामजानकी विवाह महोत्सवको क्रममा पारम्परिक रुपले राम मन्दिर प्रांगणमा हुँदै आएको तिलकोत्सव नहुने उद्घोष गरेपछि तिलकोत्सव प्रसंग विवादको रुप लिएको छ ।

मिथिला भूगोल मात्र नभई सभ्यता पनि हो । कुनै पनि सभ्यताको आफ्नै जीवन शैली हुन्छ । भाषा-संस्कृति हुन्छ । भोजन विन्यास हुन्छ । भेष-भूषा अनि जन्मदेखि मृत्यु पर्यन्तको मौलिक विधि-व्यवहार हुन्छन् । अझ वैवाहिक पद्धतिको कोणले भन्ने हो भने जानकी मन्दिरमा हुने रामजानकी विवाह महोत्सव मिथिला संस्कृतिको प्रतिनिधित्व गर्दछ । जसको आधार मिथिलाञ्चलमा व्याप्त मिथकहरु हुन् । रामचरित मानस जस्ता धार्मिक ग्रन्थहरु हुन् । अतः आजको यस आलेखमा रामजानकी विवाहको प्रसंगमा वाल्मिकी रामायण, रामचरित मानस, मिथिलाभाषा रामायण तथा लाल दास लिखित रामेश्वर चरित रामायणमा वर्णित केही तथ्य प्रस्तुत गर्न चाहन्छु ।

हामी सबैलाई थाहा छ, विश्वामित्रसंग राम र लक्ष्मण मिथिला आएका थिए । राजा जनकको आग्रहमा विश्वामित्र शिव धनुषदर्शन गर्न रंगभूमि आएका थिए । अनि गुरु आज्ञाले रामशिव धनुष उठाउँदा धनुष दुई खण्डमा विभाजित भएको थियो । एक दिन अघि गिरिजा पूजन गर्न गएकी सीतासंग रामको भेट फूलवारीमा भएको थियो । राम त्यतिबेलादेखि नै मनमनै सीतालाई स्वीकार गरि सकेका थिए । गोस्वामी तुलसी दास धनुष उठाउने बेला रामको मनभित्र चल्दै गरेको आरोह-अवरोहलाई सुन्दर शब्द दिएका छन्-

*का वरषा सब कृषि सुखाने । समय चुकें पुनिका पछिताने ॥*
*अस जियँजानिजानकी देखी । प्रभु पुलके लखिप्रीति बिसेषी ॥*
*गुरहि प्रनामु मनहि मन कीन्हा । अति लाघवँ उठाइ धनु लिन्हा ॥*
*दमकेउ दामिनिजिमि जब लयऊ । पुनिनभधनु मंडल सम भयऊ ॥*
*लेत चढावत खैंचत गाढे । काहु न लखा देखि सब ठाढे ॥*
*तेहि छन् राममध्यधनु तोडा । भरे भुवनधुनि घोर कठोरा ॥*

रामचरित मानसमा वर्णन भएअनुसार- धनुष भंगसंगै परशुरामको आगमन हुन्छ । परशुराम र लक्ष्मण बीचको संवाद रामचरित मानसको महत्वपूर्ण भाग हो । आफ्ना गुरु शिवले दिएको धनुष भाँच्नेलाई दण्ड दिने उद्घोष गर्दै परशुराम भन्नु हुन्छ-

*अति रिस बोले बचन कठोरा । कहु जड जनकधनुष कैंतोरा ॥*
*बेगि देखाउ मूढ न त आजु । उलटहुँ महि जहँलहितव राजू ॥*

*अन्तमा राम परषुरामसंग क्षमा माग्छन् र भन्छन् -*

*नाथ संभुधनु भंजनहारा । होइहि केउ एक दास तुम्हारा ॥*

*जब परशुरामलाई धनुष भंग गर्ने साक्षात विष्णु भएको ज्ञात हुन्छ, तब परशुराम भन्नु हुन्छ–*

*कहमुनि सुनु नरनाथप्रवीना । रहाविवाहु चापअधिना ॥*
*टूटतहि धनु भयउबिबाहु । सुर नर नागविदित सबकाहू ॥*
*तदपिजाइतुम्ह करहुअब, यथावंशव्यावहार ।*
*बूझिविप्र कुलवृद्ध गुर, वेद विदितआचार ॥*

अर्थात् धनुष भंग हुने बित्तिकै राम र सीताको विवाह सम्पन्न भयो । यद्यपि हे जनक, तिमी आफ्नो वंश व्यावहार अनुसार राम सीताको विवाह गर ।

अनि आफ्नो वंश व्यावहार अनुसार जनक वैवाहिक कार्यक्रम आयोजन गर्छन् । भाई कुशध्वजलाई बोलाउँछन् । दशरथलाई निम्तो दिनदूतलाई अयोध्या पठाउँछन् । गोस्वामी तुलसी दासले यस प्रसंगलाई पनि सुन्दर शब्दले श्रृंगारेका छन्-

*दूतअवधपुर पठबहु जाई । आनहि नृप दशरथ बोलाई ॥*
*मुदित राउकहि भलेंहि कृपाला । पढए दूतिबोलि तेहि काला ॥*
*पहुंचे दूत रामपुर पावन । हरषे नगर बिलोकि सुहावन ॥*
*भूपद्वार तिन्हखबरि जनाई । दसरथ नृप सुनिलिएबोलाई ॥*
*करि प्रनामु तिन्हपातीदीन्ही । मुदितमहिपआपु उठि लिन्ही ॥*

दूतमार्फत मिथिला नरेश जनकले पठाएको पत्र अयोध्या नरेश दशरथ स्वयं उठेर ग्रहण गरेका थिए । अर्थात् मिथिलाका दूतले पनि ठुलै सम्मान पाएका थिए ।

वाल्मिकी रामायणमा वर्णन भए अनुसार- राजा जनकको आज्ञा पाएर मन्त्री सुमन्तर अन्यदूतहरु अयोध्या प्रस्थान गरेका थिए । उनीहरु बाटोमा तीन राति विश्राम गरेर चौथो दिन अयोध्या पुगेर दशरथलाई विवाहको निम्तो दिएका थिए । पाँचौ दिन बेहुला विनाको जन्ती अयोध्याबाट जनकपुरधाम प्रस्थान गरेको थियो । यस प्रकार धनुषयज्ञ सम्पन्न भएको ११ औं १२ औं दिन रामजानकीको विवाह भएको थियो । जनकपुरधामबाट अयोध्याको दुरी लगभग ५ सय किलोमिटर छ । घोडामा सवार भएका मिथिलाका दूतलाई अयोध्या पुग्न चार दिन लाग्नु स्वाभाविक देखिन्छ ।

यी धार्मिक ग्रन्थहरुको आलोकमा मेरो मनमा केही स्वाभाविक जिज्ञासाहरु उठेका छन्-

१ तिलक बेहुला वा बेहुलीलाई चढाइने वैवाहिक उपक्रम हो । राम लक्ष्मण जनकपुरधाममै भएको बेला तिलक लिएर अयोध्या जानुको तात्पर्य के होला ?

२ अयोध्या नरेश जनकले दूतमार्फत पठाएको निम्तो चक्रवर्ती सम्राट दशरथ स्वयं उठेर ग्रहण गरेका थिए । तर अयोध्यामा सम्पन्न तिलकोत्सवको दृश्यमा मधेशका मुख्यमन्त्री सतीशकुमार सिंह र अयोध्याका मेयर गिरीशमणि त्रिपाठी समानान्तर बसेको देखिनु हुन्छ । मञ्चमा जनकपुरधामका मेयर मनोज कुमार साह पनि देखिनु हुन्छ । मुख्यमन्त्रीजी स्वयं अभिभावक भएर जनकपुरधाम र अयोध्याधामका मेयरले तिलकोत्सव सम्पन्न गराउँदा कति राम्रो देखिन्थ्यो ? हाम्रा मुख्यमन्त्रीजी अयोध्याका मेयरसंग तिलकोत्सव गर्दा रामायणकालीन जनकपुरधामको गरिमा कता गयो ?

३ विश्व हिन्दू परिषद् धार्मिक-सांस्कृतिक संगठन हो र प्रदेश राजनीतिक । नेपालकै भए पनि मधेश प्रदेशका मुख्यमन्त्री र मन्त्रीहरुलाई उत्तर प्रदेश सरकारले निम्तो दिनु पर्ने हो कि होइन ?

अयोध्यामा सम्पन्न तिलकोत्सवले जनमानसमा अनेकौं जिज्ञासा जन्माएका छन् । तीमध्ये केही सकारात्मक र केही नकारात्मक छन् । हामीले इतिहाससंग सिख लिनु पर्दछ । अनि भविष्यको योजना बनाउनु पर्दछ । तर यति भनि रहँदा रामजानकी विवाह महोत्सवको प्रमुख आयोजन मानिने राम मन्दिर प्रांगणमा आयोजन हुने तिलकोत्सवको आयोजन कुनै पनि निहुँमा रोकिनु हुन्न ।

अयोध्यामा सम्पन्न तिलकोत्सवले जनमानसमा अनेकौं जिज्ञासा जन्माएका छन् । तीमध्ये केही सकारात्मक र केही नकारात्मक छन् । हामीले इतिहाससंग सिख लिनु पर्दछ । अनि भविष्यको योजना बनाउनु पर्दछ । तर यति भनि रहँदा रामजानकी विवाह महोत्सवको प्रमुख आयोजन मानिने राम मन्दिर प्रांगणमा आयोजन हुने तिलकोत्सवको आयोजन कुनै पनि निहुँमा रोकिनु हुन्न । कारण तुलसी दासले लेख्नु भएको छ-

*तदपिजाइतुम्ह करहु अब, यथावंशव्यावहार ।*
*बूझिविप्र कुलवृद्ध गुर, वेद विदितआचार ॥*

***जय जानकी***

# निर्णायक आन्दोलनको तयारीमा रहेका समितिलाई पूर्व मेयर र दलको साथ

**टुडे समाचारदाता**

राजविराज । वर्षौदेखि विटौरी, ब्लक र सडक मापदण्डको नाममा लालपूर्जा र नक्सा पासबाट समेत वञ्चित गराएका पीडितहरुलाई न्याय दिलाउन निर्णायक आन्दोलनको तयारीमा जुटेका समितिले शुक्रबार राजनीतिक दलका प्रतिनिधि र राजविराज नगरपालिकाका पूर्वमेयरहरुसंग परामर्श बैठक सम्पन्न गरेको छ ।



सप्तरी उद्योग वाणिज्य संघद्वारा राजविराज नगर क्षेत्रको विटौरी, ब्लक र सडक मापदण्डका नाममा नक्सा पास रोकिएको लगायतका समस्या समाधानका लागि निवर्तमान अध्यक्ष तथा उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य अरुण प्रधानको संयोजत्वमा गठित समितिको अगुवाईमा सर्वदलीय तथा पूर्व मेयरहरुको बैठक सम्पन्न भएको छ ।

बैठकमा पूर्वमन्त्री महेश प्रसाद यादव, राजविराज नगरपालिकाका पूर्वमेयर गोविन्द सिंह, शैलेश चौधरी, नेपाली कांग्रेसका शम्भुलाल देव, नेकपा एमालेका देवनाथ यादव, नेकपा माओवादी केन्द्रका सुर्यनाथ यादव सुभाष, जसाप नेपालका केदार यादव, जनमत पार्टीका सुरेन्द्र शर्मा मधेशी, नेकपा एकीकृत समाजवादीका प्रतापनारायण चौधरी, राष्ट्रिय प्रजातन्त्र पार्टीका दिगम्बर साह, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका अमित कुमार यादव, राष्ट्रिय मुक्ति पार्टीका दीपेन्द्रप्रसाद चौधरी, उद्योग वाणिज्य संघका सल्लाहकार बैजु जोशीलगायत सहभागी भए ।

बैठकका सहभागीहरुले विटौरी, ब्लक तथा सडक मापदण्डका नाममा नक्सा पासमा रोक लगायतका समस्या समाधानका लागि उद्योग वाणिज्य संघद्वारा गठित समितिले आगामी दिनमा गर्ने हरेक गतिविधि र आन्दोलनमा ऐक्यवद्धता , सक्रिय सभागिता र सहयोग गर्ने प्रतिवद्धता जनाएका छन् ।

सो समस्या समाधानका लागि स्थानीय, प्रदेश र संघीय सरकार समक्ष गर्नुपर्ने पहलमा समेत सहयोग गर्ने बैठकका सहभागीहरु प्रतिवद्धता जनाएको छलफल समितिका संयोजक प्रधानले जानकारी दिए । राजविराज नगरपालिका विटौरी र ब्लक जग्गामा बसोबास गर्दै आएका करिब ५ हजार २ सय परिवार विगत ६५ वर्षदेखि लालपूर्जा पाउन सकेका छैनन् ।

यस्तै नगर भित्र सडक बनिसकेको क्षेत्रमा समेत सडक मापदण्डको नाममा नक्सा पास रोकिदा बैंक तथा वित्तीय संस्थाबाट समस्या परेका बेला उक्त जग्गा धित्तो राखेर ऋण कर्जा पाउन नसक्दा नगरवासी समस्या छन् ।

वि.स. २०१६ सालमै नगरपालिका घोषणा भएर नगरको मुख्य सडक आसपास घर निर्माण तथा पसल संचालन गरेर बस्दै आएका विटौरी र ब्लक जग्गा बाहकहरु हालसम्म लालपूर्जा पाउन सकेका छैनन् । यही समस्या समाधानका लागि निर्णायक आन्दोलनको तयारी थालेको उद्योग वाणिज्य संघले सरोकारबालाहरुसंग क्रमिक रुपमा परामर्श बैठक थालेको छ ।

# मुख्यमन्त्री कार्यालय अगाडि शहीद परिवारको प्रदर्शन



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले शहीद परिवारलाई बेवास्ता गरेको भन्दै आन्दोलनमा उत्रेका छन् ।

जनकपुरधाममा शुक्रबार मुख्यमन्त्रीतथामन्त्रिपरिषद्कार्यालय अगाडि मधेश आन्दोलनमा शहीद भएका परिवारका सदस्यहरुले अपमान गरेको भन्दै प्रदर्शन गरेका छन् ।

मधेश प्रदेश सरकारको पहिलो मन्त्रिपरिषद्को बैठकले शहिद परिवारका एक/एक जनालाई रोजगार दिने निर्णय गरे पनि अहिलेसम्म कार्यान्वयन नभएको भन्दै शहीद परिवारका सदस्यहरु आन्दोलित भएका छन् ।

मुख्यमन्त्री कार्यालय अगाडि गरिएको प्रदर्शनमा प्रदेशका आठ वटै जिल्लाका शहीद परिवारका सदस्यहरु छन् । उनीहरुले प्रदेश सरकारले आफूहरुको माग पुरा नगरेसम्म घर नफर्किने चेतावनी दिए ।

शहीद परिवारका रामनरेश राय यादवले मुख्यमन्त्री सतीशकुमार सिंहलाई पहिलो मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्न पटक पटक भेटेर आग्रह गर्दापनि बेवास्ता गरेपछि आन्दोलन गर्नुपरेको बताए ।

उनले भने, ‘५२ शहिद परिवारका एक/एक सदस्यलाई रोजगार दिने सरकारले निर्णय गरेको हो,’ उनले अघि थप्दैं भने, ‘निर्णय गरेको पनि ६ वर्ष बितिसक्यो । केहि शहीद परिवारलाई मात्र करारको जागिर दिएको छ । तर उनीहरुलाई पनि हटाउन खोजिएको छ ।’

उनले प्रदेश सरकारले गरेको निर्णय अनुसार सबै शहीद परिवारका एक/एक जना सदस्यलाई जागिरको व्यवस्थापन गर्नुपर्ने आफूहरुको माग रहेको बताए । माग पूरा नगरे आफूहरु कडा आन्दोलनमा उत्रिने चेतावनी दिए ।

# घुससहित रंगेहात यादव पक्राउ

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीमा एकजना नायब सुब्बा घुससहित रंगेहात पक्राउ परेका छन् ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीमा कार्यरत्त नायब सुब्बा अशोक यादव घुससहित पक्राउ परेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले शुक्रबार नायब सुब्बा यादवलाई २० हजार रुपैयाँ घुससहित पक्राउ गरेको छ ।



सवारी ज्यान मुद्दामा सवारीधनीले जम्मा गरेको क्रिया खर्च वापतको रकम मृतकको हकवाला दिँदै पटक-पटक माग्न जाँदा यादवले घुस मागेको व्यहोरासहित निवेदन अयोगमा दिएका थिए । उनलाई नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको अख्तियारले जनाएको छ ।

प्राप्त जानकारीअनुसार, अख्तियारको टोलीले शुक्रबार बिहानै महोत्तरी जिल्ला प्रशासन कार्यालयमा छापा मारी नायब सुब्बा र केही कर्मचारीहरूसंग सम्बन्धित कागजातहरू जफत गरेको थियो ।

प्रारम्भिक अनुसन्धानका क्रममा नासु यादवमाथि सूक्ष्म निगरानी अख्तियारले गर्दै आएको थियो ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८